# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०६।०४ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये नक्कली बिल भरपाई बनाई सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।०६।०४ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
भोला दाहाल

**देहायः**

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | दिपा रेग्मी समेत ३६ जना (वि.अ. को मु.नं. ०७२-CR-०१०३)<br>वि.अ. को फैसला मिति २०७९।०४।२६) | **नक्कली विल भरपाई बनाई सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको।** | प्रतिवादी दिपा रेग्मी विगो रु.२०,५९,७०९।-(बीस लाख उनान्साठी हजार सातसय नौ), प्रतिवादी झरेन्द्र बहादुर सिंह विगो रु.१७,०२,५७२।- (अक्षेरुपि सत्र लाख दुई हजार पाँच सय वहत्तर), प्रतिवादी निरक बहादुर सुनार विगो रु.१७,२५,८७९।- (सत्र लाख पच्चीस हजार आठ सय उनान्असी), प्रतिवादी रबिन्द्र सुवाल विगो रु.११,०४,९९७।-(एघार लाख चार हजार नौ सय सन्तानब्बे रुपैंया), प्रतिवादी रमेश लामाका हक विगो रु. १३,६७,३७१।-(तेह्र लाख सत्सठ्ठी हजार तिन सय एकहत्तर रुपैंया), प्रतिवादी ओम प्रसाद पौडेल विगो रु.१८,७२,०२३।५० (अठार लाख बहत्तर हजार तेईस रुपैंया र पैसा पचास), प्रतिवादी मिना नकर्मी विगो रु. ६,६३,५९१।-(छ लाख त्रिसठ्ठी हजार पाँच सय एकानब्बे रुपैंया), प्रतिवादी महेश कुमार शाही विगो रु.१७,०३,३६८।-(सत्र लाख तीन हजार तीनसय अठसठ्ठी रुपैंया), प्रतिवादी विकम कार्की विगो रु.१२,००,४३८।२५ (बाह्र लाख चार सय अठतिस रुपैंया र पैसा पच्चीस), प्रतिवादी लोकेन्द्र सिंह बडाल विगो रु.२३,०६,३२०।५०(तेईस लाख छ हजार तीनसय बीस रुपैंया र पैसा पचास), प्रतिवादी पदम सिंह ठगुन्ना | **फैसलाः**<br>प्रतिवादीहरु दिपा रेग्मीसमेत १७ जना लाई आंशिक आरोपदावी पुग्ने ठहर्छ । वादीको अन्य आरोपदावी पुग्न सक्दैन<br>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**<br>भएका गाडि कुनै पनि जिल्लाको यातायात कार्यालयमा विधिवत दर्ता भई संचालनमा रहेको अवस्थामा सरुवा सहमति भई अन्य कुनै जिल्लामा दर्ता रहेको भन्ने आधारमा मात्र त्यस्ता गाडिको भाडा विल भरपाई झुठ्ठा रहेको भन्न मिलेन। गाडि भाडामा लिई प्रयोग गर्दा गाडी भाडा सम्झौता नरहेको वा भाडा वुझाएको PAN/VAT विल भरपाई नरहेको भन्ने आधारमा मात्र Financial norms and standard को प्रावधान अनुरुप रहेको हदसम्म विल भरपाई झुठ्ठा रहेको भन्न मिल्ने देखिएन ।भ्रष्टाचारको प्रयोजनका लागि विल भरपाई बेरितको हुनु र झुठ्ठा हुनु अलग अलग कुरा हुन। विल भरपाईहरु रीत पूर्वकको छ वा छैन? भन्ने कुरा मूलतः लेखापरीक्षणको विषयभित्र पर्ने देखिन्छ। PAN/VAT विल भरपाई नरहेको आधारमा मात्र दावीका विल भरपाई झुठ्ठा रहेको भन्न मिलेन। प्रतिवादीले उक्त गाडि प्रयोग नगरी गाडिको झुठ्ठा विल भरपाई सिर्जना गरी भुक्तानी लिएको दावी सो हदसम्म पुष्टि हुन सकेन । प्रतिवादी तारा प्रसाद जोशीले आरोपित कसूरबाट सफाई पाउने देखिन्छ।<br>**क) <u>प्रतिवादी इश्वरीलाल विश्वकर्माका हकमाः</u>**<br>**(अ)** सो सम्बन्धमा विचार गर्दा, प्रतिवादीले | **क)** गरिबी निवारण कोष ऐन, २०६३ अनुसार प्रधानमन्त्रीको अध्यक्षतामा गठित सञ्चालक समितिले कोषको सञ्चालन गर्ने ब्यबस्था गरेको देखिन्छ। गरिबी निवारण कोष ऐन, २०६३ र गरिबी निवारण कोष नियमावली, २०६४ अनुसार कोष सञ्चालित रहेको देखिन्छ। गरिबी निवारण कोष ऐन, २०६३ को दफा ५ अनुसार सामाजिक परिचालनका माध्यमबाट गरीव ब्यक्ति, परिवार वा समुदायको आर्थिक तथा सामाजिक स्तर उठाउन उनीहरुले आफ्नो हक हित र अधिकार प्रयोग गर्न सक्ने गरी सक्षम बनाउन क्षमता अभिबृद्धि गराउने समेतका उद्देश्यहरु कोषले राखेको देखिन्छ। नेपाल सरकार तथा दातृसंस्थाहरुबाट प्राप्त हुने अनुदान/सहयोग रकम कोषमा जम्मा भई सोही रकमबाट कोषका गतिविधिहरु संचालन हुने गरेको देखिन्छ। उल्लेखित कार्य गर्न कोषले जिल्लाहरुमा सहयोगी सँस्था (Partner Organization-Po's) र गाउँमा गरीवहरुको समूह (Community Organization-Co's) गठन गरी आफ्नो कार्य सञ्चालन गर्ने गरेको देखिन्छ। उल्लेखित Pos र Cos बीच समन्वयात्मक भुमिका निर्वाह गर्ने कर्मचारीको रुपमा कोषबाट नियुक्त गरिएका **कार्य प्रवन्धकहरु**(Portfolio Manager-PM) सामान्यतया १ जिल्लाका लागि एक जनाका दरले काम गर्ने गरी तोकिएको देखिन्छ। यीनै कार्य प्रबन्धकहरुले सहयोगी संस्था, गरीवहरुको समूह र सो सँग सम्बन्धित अन्य विभिन्न संस्थाका ब्यक्ति र पदाधिकारीहरुका लागि विभिन्न तालिम, अभिमुखिकरण कार्यक्रम, कार्यशाला गोष्ठी, लगायत गरिवी निवारण सम्बन्धमा सञ्चालन भएका कार्यक्रमहरुको अनुगमन मुल्याङ्कन समेतका कार्यक्रम विभिन्न जिल्लामा सञ्चालन गरेको भनी गरिवी निवारण कोषबाट रकम भुक्तानी लिने दिने क्रममा आ.व.०६६।०६७ देखि ०६८।०६९ सम्मको अवधिमा भ्रष्टाचार गरेको निम्न आधार प्रमाणहरुवाट पुष्टि भएको।<br>**(अ)** कोषका कर्मचारीहरुले पालना गर्नु पर्ने आर्थिक ऐन, नियम तथा निर्देशिकाहरुमा गरिवी निवारण कोष ऐन, २०६३, गरिवी निवारण कोष नियमावली, २०६४, गरिबी निवारण कोष कर्मचारी सेवा विनियमावली, २०६९, आयकर ऐन, २०५८, मूल्य अभिबृद्धि कर ऐन, २०५२, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, गरिवी निवारण कोष द्वारा स्वीकृत Financial Norms and Standards-FNS, २०११, भ्रमण भत्ता नियमावली, २०६४, कोषको आर्थिक व्यवस्थापन निर्देशिका, २०६६, गरिबी निवारण कोष कार्य संचालन निर्देशिका तथा कार्यविधि, २०६८, Operational Manual, २००६ र कोषको संचालक समितिबाट विभिन्न मितिमा भएका निर्णयहरु देखिन्छ। उल्लेखित ऐन, नियम, निर्देशिकाहरुका आधारमा कोषका कर्मचारीहरुबाट भ्रमण तथा कार्यक्रममा खर्च गर्दा पालना गर्नु पर्ने आधारभुत कुराहरु मुलतः निम्नानुसार देखिन्छः |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | विगो रु.१८,८४,२५३।-(अठार लाख चौरासी हजार दुईसय त्रिपन्न रुपैंया), प्रतिवादी प्रमोद कुमार जोशी विगो रु.४३,३१,८६८।७५ (त्रीचालिस लाख एकतीस हजार आठसय अठसट्ठी रुपैंया र पैसा पचहत्तर), प्रतिवादी भुपानन्द बि.के.विगो रु.१६,९३,४५३।-(सोह्र लाख त्रियानब्बे हजार चारसय त्रिपन्न रुपैंया), प्रतिवादी कमल बहादुर थिङ्ग<br><br>विगो रु.११,७१,४४१।-(एघार लाख एकहत्तर हजार चारसय एकचालिस रुपैंया), प्रतिवादी मालती चौधरी विगो रु.१३,६३,२०७।-(तेह्र लाख त्रिसट्ठी हजार दुईसय सात रुपैंया), प्रतिवादी सजदा खातुन विगो रु.७,०५,७६२।-(सात लाख पाँच हजार सातसय बैसट्ठी रुपैंया), प्रतिवादी नविन कुमार पोखरेल विगो रु.७,२०,०४९।-(सात लाख बीस हजार उनानचास रुपैंया), प्रतिवादी राम बहादुर भुषाल विगो रु.९,३४,६००।- (नौ लाख चौतीस हजार छ सय रुपैंया), प्रतिवादी अमर कुमार पाखिन विगो रु.१०,८६,७१०।५०(दश लाख छयासी हजार सातसय दश रुपैंया र पैसा पचास), प्रतिवादी प्रविण मानन्धर विगो रु.११,५१,०४१।- (एघार लाख एकाउन्न हजार एकचालिस रुपैंया), प्रतिवादी बालकृष्ण विश्वकर्मा विगो रु.२४,८३,१४२।५०।-(चौविस लाख त्रियासी हजार एकसय बयालीस रुपैंया र पैसा पचास), प्रतिवादी कृष्ण बहादुर सेराला विगो | प्रयोग गरेको भनिएका वादी दावीको भे १ज ८०० नं. को स्वारी साधन मिति २०६७/११/७ गते तुलसीपुर दाङबाट रुकुमसम्म प्रयोग गरेको देखाई सो सवारी साधनका चालक जगदीश शर्मालाई रु. १२,०००।-भुक्तानी दिइएको भरपाई पेश गरेकोमा उक्त नं. सम्म सवारी साधनको दर्ता क्रमसंख्या नै नपुगेको भनी यातायात व्यवस्था कार्यालय भेरीको च. नं. ३५९ मिति ०७१।८।२९को पत्रबाट लेखी आएको देखिदा दर्ता नै नभएको सवारी साधनको झुठा भरपाई खडा गरी पेश गरेको देखिएको छ । यातायात कार्यालयमा दर्ता नै नभएको, अस्तित्वमा नै नरहेको गाडि भाडामा लिएको कुरा सही मान्न मिलेन त्यस्ता विल भरपाई स्वत झुठ्ठा मान्नुपर्छ। कुनै गाडि सार्वजनिक यातायातको रुपमा दर्ता रहेकोमा सार्वजनिक यातायात प्रयोग गरी ट्याक्सी भाडाको विल भरपाई लाई झुठ्ठा नै मान्नुपर्छ। सो हदसम्म गाडि प्रयोग नै नगरी बदनियत राखी झुट्टा बिल भरपाई बनाई भुक्तानी दिए लिएको पुष्टि हुन्छ।कार्यक्रम सम्पन्न भएको भन्ने आधारमा प्रतिवादीले पेश गरेको सबै विल भरपाई स्वतः सद्धे रहेको अर्थ लाग्दैन । कुनै एक ठाँउबाट अर्को ठाँउमा पुग्ने बिभिन्न सवारी साधन प्रयोग गर्न मिल्ने अवस्था रहेको देखिदा कार्यक्रम स्थलमा पुगेको आधारमा अस्तित्वमा नै नरहेको गाडि भाडाको बिल भरपाई सही रहेको प्रतिवादी जिकिर पुष्टी हुन सक्दैन ।प्रतिवादीले दर्ता नै नभएको गाडि भाडामा दिई विल भरपाई पेश गरी भुक्तानी लिएको देखिदा जम्मा रु १२,०००।- को हदसम्म वादी दावी पुग्ने देखियो।<br><br>**ख)** प्रतिवादी मनोज कुमार गुप्ताका हकमा<br>**(अ)** अनुसन्धानका क्रममा कागज गर्ने बिर्ता | **कार्यक्रममा सहभागीहरुको सहभागिता पुष्ट्याइँ सम्वन्धमाः** कोषवाट मिति २०६७/१२/६ (२०११ march २०) मा स्वीकृत Financial Norms and Standards (FNS), २०११ को नं. A मा उल्लेखित Program conduct in District Level को Note मा कोषका कर्मचारीहरुले फिल्डमा कार्यक्रम संचालन गर्दा मितव्ययी तथा प्रभावकारी रुपमा संचालन गर्नु पर्ने र सो कार्यक्रमलाई पुष्ट्याइँ गर्ने यथार्थ र वास्तविक प्रमाणहरु जस्तैःसहभागीलाई कार्यक्रममा सहभागिताका लागि गरिएको पत्राचारको सक्कल पत्र, सहभागीहरुको उपस्थितिको सक्कल हाजिरी, सहभागिहरुलाई भत्ता भुक्तानी गरिएको सक्कल विवरण लगायतका कागजात पेश गर्नु पर्ने, आवासीय तालिममा मात्र सहभागिले खाना तथा वासको खर्च पाउने, गैरआवासीय तालिममा सहभागीहरुको खाना, खाजा खर्चको लागि कार्यकारी निर्देशकको पूर्व स्वीकृति अनिवार्य रुपमा लिनुपर्ने र खर्चका मापदण्डहरुको पालना गर्नु पर्ने व्यवस्था रहेको देखिन्छ ।<br>**भ्रमण तथा कार्यक्रममा भएका खर्चका विल सम्वन्धमाः** उपरोक्त Financial Norms and Standards (FNS), २०११ ले खर्चका विल वास्तविक हुनुपर्ने तथा आयकर र मूल्य अभिबृद्धि करमा दर्ता भएका करदाताहरुसँग खरिद गरिएका विलहरु मात्र पेश गर्नु पर्ने व्यवस्था गरेको देखिन्छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ ले सार्वजनिक निकायले कुनै पनि वस्तु तथा सेवा खरिद गर्दा रु.५,०००। भन्दा माथिको खरिद मूल्य अभिबृद्धि करमा दर्ता भएकासँग र सो भन्दा कमको खरिद स्थायी लेखा नम्बर प्राप्त गरेका करदाताहरुसँग मात्र गर्नु पर्ने व्यवस्था गरेको पाईन्छ ।<br>**करकट्टी सम्वन्धमाः** उपरोक्त Financial Norms and Standards (FNS), २०११ ले कानुन वमोजिम लाग्ने करकट्टी गरेर मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था गरेको र आयकर ऐन, २०५८ को दफा ८८ ले कुनै पनि भाडा रकम भुक्तानी गर्दा १० % करकट्टी गरेर मात्र गर्नु पर्ने व्यवस्था गरेको देखिन्छ। सोही ऐनको दफा ८९(क) ले मूल्य अभिबृद्धि कर लाग्ने खरिद विजकमा भुक्तानी गर्दा पनि १.५ % करकट्टी गर्नु पर्ने व्यवस्था गरेको पाईन्छ।<br>**गाडी भाडा भुक्तानी सम्वन्धमाः** उक्त Financial Norms and Standards (FNS), २०११ ले कोषका कर्मचारीहरुले फिल्डमा भ्रमण गर्दा मितव्ययी भई सवारी साधन भाडामा लिई प्रयोग गर्नु पर्ने र भाडामा लिएका सवारी साधनलाई पुष्ट्याइँ गर्ने प्रमाणहरु सवारी साधन दर्ता नं., चालक अनुमति पत्र, करकट्टी प्रमाण सहित रकम भुक्तानी गरेको विल भरपाई आदि पेश गर्नु पर्ने व्यवस्था गरेको पाईन्छ।<br>**भ्रमण खर्च सम्बन्धमाः** भ्रमण खर्च नियमावली, २०६४ को नियम ३ मा भ्रमण आदेश वा निर्णय बिना भ्रमण खर्च गर्न नहुने, नियम ४ मा भ्रमण किफायती हुनु पर्ने, सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो बाटो वा सवारी साधन प्रयोग गरी भ्रमण गर्नु पर्ने तथा नियम १८(१) मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रु. २२,७३,९००।- (बाइस लाख त्रिहत्तर हजार नौसय रुपैँया), प्रतिवादी तारा प्रसाद जोशी विगो रु.१३,१८,२६९।७५ (तेह्र लाख अठार हजार दुईसय उनान्सत्तरी रुपैँया र पैसा पचहत्तर), प्रतिवादी ईश्वरीलाल बि.क. विगो रु.१२,६३,२५३/-(बाह्र लाख त्रिसठ्ठी हजार दुईसय त्रिपन्न रुपैँया), प्रतिवादी मनोज कुमार गुप्ता विगो रु.१२,४६,४४८।५० (बाह्र लाख छयालिस हजार चारसय अठचालिस रुपैँया र पैसा पचास), प्रतिवादी प्रदिप पौडेल विगो रु.५,७६,५५०।- (पाँच लाख छैहत्तर हजार पाँचसय पचास रुपैँया), प्रतिवादी अरुण पाण्डे विगो रु. १,२५,१६५।- (एक लाख पच्चीस हजार एकसय पैसठ्ठी रुपैँया), प्रतिवादी अच्युत मान सिंह प्रधान विगो रु. ९,२५,७६०।- (नौ लाख पच्चीस हजार सातसय साठी रुपैँया), प्रतिवादी निर्मल पन्त विगो रु.७,४८,१८५।- (सात लाख अठ्चालिस हजार एकसय पचासी रुपैँया), प्रतिवादी सुमिता मल्ल विगो रु.६७,४१८।- (सत्सठ्ठी हजार चारसय अठार रुपैँया) कायम गरी प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा ८(१) को देहाय (ङ) को कसुर अपराधमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम कैद सजाय र विगो बमोजिम जरिवाना गरी विगो समेत असुल उपर गरी गरिबी निवारण कोषलाई दिलाई भराई | स्वीट्स एण्ड होटलका संचालक मोतिलाल प्रसाद हलवाई, बृन्दाबन्स् रेष्टुरेण्टका संचालक आत्मारामप्रसाद साह नेवा फोटोकपी सर्भिस सेन्टरका संचालक किरण नेवा (श्रेष्ठ), न्यू श्रेष्ठ फोटोकपीका संचालक महेन्द्र प्रसाद श्रेष्ठ, मिता फोटोकपीयरका संचालक हृदयनारायण प्रसाद, न्यू पराठा हाउस एण्ड होटलका संचालक विनय कुमार गुप्ता, माइस्थान बुक स्टलका संचालक शुरेस कुमार जोशी, अमृत स्टेशनरी सेन्टरका संचालक शम्भु यादव, र सिद्धार्थ स्टेशनरी सेन्टरका संचालक दिपु शाक्यले अनुसन्धानको क्रममा आफ्ना पसलका विल भरपाईहरु झुठा हुन भनी कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई वकपत्र गरेको अवस्था नहुदा प्रमाण ऐन, २०३१ को दफा १८ वमोजिम प्रमाणमा लिन मिल्ने देखिएन ।<br>**(आ)** पसल र संचालकलाई प्रतिवादी नबनाएको अवस्थामा सो पसलबाट जारी भएका विल प्रयोग गर्ने व्यक्तिलाई मात्र प्रतिवादी बनाई मुद्दा दायर गरेको अवस्थामा वादी दावी खम्बिर हुन सक्ने देखिएन।प्रतिवादीले पेश गरेका विलहरु गरीवी निवारण कोषको Financial Norms and Standard अनुरुप नरहेको वादी दावी पनि देखिएन। विल भरपाई सम्बन्धित पसलको रहेभएको देखिएकोमा बेरितको रहेको भन्ने आधारमा मात्र सबै विल भरपाई झुठ्ठा रहेको भन्न मिलेन। प्रतिवादीले झुठ्ठा विल भरपाई सिर्जना गरी भुक्तानी लिएको दावी पुष्टि हुन सकेन ।<br>**(इ)** अनुसन्धानका क्रममा कागज गर्ने ना१च ७५५५ नं. सवारी साधनका धनी सुमेश रौनियारले र बा७च ५१३१ नं. को सवारी साधनका धनी लक्ष्मी बहादुर कपालीले अनुसन्धानको क्रममा आफ्ना गाडिका विल भरपाईहरु झुठा हुन भनी कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई वकपत्र | पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बील भरी भ्रमण प्रतिवेदन साथ आवश्यक बील भर्पाई सम्बन्धित कार्यालयमा पेश गर्नु पर्ने ब्यवस्था गरेको देखिन्छ । कोषको संचालक समितिको मिति २०६६/५/१५ गतेको निर्णय अनुसार कोषको कामको सिलसिलामा भ्रमणमा जाँदा टिकटमा उल्लेख भए अनुसारको हवाईजहाज चल्ने ठाँउको लागि हवाई भाडा एवं अन्य ठाँउको लागि प्रथम श्रेणीको वस वा रेल भाडा, ट्याक्सी खर्च र अन्य यातायात वापतको वास्तविक खर्च पाउने व्यवस्था गरेको पाईन्छ।<br>**(आ)** गरिबी निवारण कोषका कार्य प्रबन्धकहरुबाट आ.व.२०६६/०६७ देखि आ.व.२०६८/०६९ सम्मका ३ (तीन) आर्थिक बर्षहरुमा गरिएका दैनिक तथा भ्रमण खर्च एवं विभिन्न कार्यक्रमहरु सञ्चालन खर्चमा भएका अनियमिततामा केन्द्रित भई गरिएको प्रस्तुत मुद्दाको अनुसन्धानका क्रममा संकलित कागज एवं प्रमाणबाट उक्त कोषका कार्य प्रवन्धकहरु दिपा रेग्मी, झरेन्द्र बहादुर सिंह, निरक बहादुर सुनार, रविन्द्र सुवाल, रमेश लामा, ओम प्रसाद पौडेल, मिना नकर्मी, महेश कुमार शाही, विकम कार्की, लोकेन्द्र सिंह बडाल, पदम सिंह ठगुन्ना, प्रमोद कुमार जोशी, भुपानन्द बि.के., कमल बहादुर थिङ्ग, मालती चौधरी, सजदा खातुन, नविन कुमार पोखरेल, राम बहादुर भुषाल, अमर कुमार पाखिन, प्रविण मानन्धर, बालकृष्ण विश्वकर्मा, कृष्ण बहादुर शेराला, तारा प्रसाद जोशी, ईश्वरी लाल वि.क., मनोज कुमार गुप्ता, प्रदिप पौडेल, अरुण पाण्डे, अच्युत मान सिं प्रधान, निर्मल पन्त र सुमिता मल्ल तथा लेखा अधिकृत प्रविण घिमिरे, र वातावरण अधिकृत अभिशेष न्यौपानेले भ्रमण तथा कार्यक्रमका लागि भनी कोषबाट लिएको पेश्की रकम फछ्र्यौट गर्ने क्रममा कार्य प्रवन्धकहरुले फिल्डमा कार्यक्रम संपन्न गरेको भनी पेश्की फछ्र्यौटका लागि पेश गरेका कागजातहरुमा सहभागी भएका भनिएका ब्यक्तिहरुको सहभागिता पुष्टी हुने कुनै आधार तथा प्रमाण, तालिम लगायतका अन्य कार्यक्रम संचालन गर्दा प्रशिक्षकको योग्यता तथा छनौट विधि, कार्यक्रम संचालन समय तालिका, तालिमको विषयवस्तु, प्रशिक्षकले पेश गरेको कार्यपत्र आदि संलग्न गरेको देखिदैन।सामान्य वैठक र छलफलमा सहभागीहरुको झुठो उपस्थिति तयार गरी त्यस बापत भएको खर्च भनी विल पेश गरेर भुक्तानी लिने गरेको, कोष प्रमाणितका आधारमा सहभागीहरुलाई दैनिक भ्रमण भत्ता भुक्तानी दिनुपर्नेमा सो संलग्न नगरिएको, हल नै नभएको स्थानमा कार्यक्रम संचालन गरेको भनी देखाईएको समेतका तथ्यहरुबाट हुदै नभएको कार्यक्रमको नाममा झुठा विल भरपाई पेश गरी भुक्तानी लिए दिएको देखिन्छ।कार्य प्रबन्धकहरुको कोषसँग भएको करार संझौताको शर्त तथा कोषको Operational Manual, २००६ अनुसार कुल कार्य दिनको ६०% समय फिल्डमा नै बसेर कार्य गर्नु पर्ने दायित्व तथा जिम्मेबारी भएका कार्य प्रबन्धकहरुले सो सर्त बमोजिमको कार्य दिन फिल्डमा नबसी काम नै नगरी फिल्डमा गई कार्यक्रम संचालन गरेको भनी झुठा कागजात तयार गरी पेश गरेको देखिएको छ।एक दुई दिनको कार्यक्रमका लागि एक महिना भन्दा वढी तथा चार पाँच दिनको कार्यक्रमका |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | पाउन मागदावी लिईएको ।<br><br>**<u>लेखा अधिकृत प्रविन घिमिरेका हकमाः</u>**<br><br>प्रतिवादी प्रविन घिमिरेले कार्य प्रबन्धकहरुले पेश गरेका विल भरपाईहरु कानुन बमोजिम भए नभएको र सही सत्य भए नभएको भन्ने कुरा चेकजाँच, जाँचबुझ एवं परीक्षण समेत नगरी नगराई कार्यप्रबन्धकहरु समेतसँग सरसल्लाह र मिलेमतो गरी झुठा विल भरपाईका आधारमा पेश्की फछ्यौंटका लागि गोश्वारा भौचर तयार गरेको एवं केही गोश्वारा भौचरहरु रुजु समेत गरेको र आ.व. ०६७।०६८ मा कार्यक्रम संचालनको लागि पेश्कि लिई बदनियतले मिलेमतो गरी आफु समेतलाई गैरकानुनी लाभ पुऱ्याउने र गरिबी निवारण कोषलाई गैरकानुनी हानी नोक्सानी पुऱ्याउने कार्य गरि गराई पेश्की फछ्यौंटका लागि गोश्वारा भौचर तयार एवं रुजु गरी भुक्तानी गरे गराई आ.व.०६६।०६७ मा रु. ७५,२२,०९२।७५,आ.व.०६७।०६८ मा रु.१,८०,०९,०६०।- र ०६८।०६९ मा रु.१,५३,९७,९३६।५० समेत गरी ३(तीन) आर्थिक वर्षको अवधिको जम्मा विगो रु.४,०९,२९,०८९।२५ (चार करोड नौ लाख उनान्तीस हजार उनान्नब्बे रुँपया र पैसा पच्चीस) गरिवी निवारण कोषलाई गैर कानूनी हानी नोक्सानी गरे गराएको पुष्टि हुन | गरेको अवस्था नहुदा प्रमाण ऐन, २०३१ को दफा १८ वमोजिम प्रमाणमा लिन मिल्ने देखिएन । प्रतिवादीले उक्त गाडि प्रयोग नगरी गाडिको झुट्ठा विल भरपाई सिर्जना गरी भुक्तानी लिएको दावी सो हदसम्म पुष्टि हुन सकेन । प्रतिवादी मनोज कुमार गुप्ताकाले आरोपित कसूरबाट सफाई पाउने देखिन्छ।<br>**(ग) <u>प्रतिवादी अभिषेश न्यौपानेका हकमा</u>**<br>**(अ)** तारा एअरको च. नं. ७२.७३/TA/Fin/027 मिति २०७१/०४/२८ को पत्रबाट तारा एअरको मिति ०४ नोभेम्बर २००९ टिकट नं ००२२४२७बाट नेपालगन्ज देखि सिमिकोटसम्म र भैरहवा देखि काठमाडौसम्म यात्रा गरेको भनी निज अभिषेक न्यौपानेले हवाइ टिकट पेश गरेको देखिएकोमा नेपालगन्ज -सिमिकोटसम्मको टिकटमा Name not match र भैरहवा-काठमाडौको टिकटमा Tiket No not Match भनी निजले नक्कली टिकट बनाई पेश गरी भुक्तानी लिएको आरोप लगाएको देखिन्छ।प्रतिवादी अभिषेश न्यौपानेले तारा एअरको मिति ०४ नोभेम्बर २००९ टिकट नं ००२२४२७बाट हुम्लाको सिमिकोट उडेको र भैरहवाबाट काठमाडौं सम्म उडान क्षेत्र नभएको भनी तारा यअरले मिति २०७३/५/१० को पत्रबाट अदालतमा जवाफ प्राप्त भएको देखियो । प्रतिवादी अभिषेश न्यौपानेले नक्कली टिकट बनाई पेश गरी भुक्तानी लिएको देखिएन। वादी दावी पुग्न नसकी प्रतिवादी अभिषेश न्यौपानेले आरोपित कसूरबाट सफाई पाउने देखिन्छ।<br>**(घ)<u>प्रतिवादी प्रदिप पौडेलका हकमा</u>**<br>**(अ)** अनुसन्धानका क्रममा कागज गर्ने सुमित गुप्ता मिष्ठान्न भण्डारका संचालक चन्द्रेश्वर साह, युनिक स्टेशनरि एण्ड जनरल स्टार्सका संचालक शिवचन्द्र चौधरी, राजकुमार मिठाई पसलका संचालक राजकुमार साह, शिव मिष्ठान्न | लागि पचास दिन भन्दा बढी भ्रमण आदेश स्वीकृत गरेको, माथिल्लो पदाधिकारीवाट अबधि तोकी स्वीकृत भएको भ्रमण आदेशमा तल्लो पदाधिकारी र भ्रमण गर्ने ब्यक्ति आफैले समेत म्याद थप्ने गरेको, त्यसरी म्याद थप गर्नु पर्ने कुनै कारण र आधार पेश भएको नदेखिएको, भ्रमण प्रतिवेदन पेश नगरेको, ट्याक्सी भाडा जथाभावी दावी गरी भुक्तानी लिएको जस्ता विवरणले पनि कार्य प्रबन्धकहरुले पेश्की फछ्यौंटका लागि पेश गरेका विल भरपाईहरु झुठा हुन् भन्ने देखिएको छ।सम्वन्धित जिल्ला प्रहरी कार्यालय, राष्ट्रिय अनुसन्धान विभाग, यातायात व्यवस्था कार्यालय र यातायात ब्यबसायी समिति समेतबाट प्राप्त हुन आएका जवाफ लगाएत कार्य प्रवन्धकहरुबाट पेश गरेका विल भरपाईहरुमा उल्लेखित होटेल, लज, स्टेशनरी पसल, गाडी संचालक एवं सम्बद्ध व्यवसायीहरुले अनुसन्धानको क्रममा आफ्नो होटेल, लज, स्टेशनरी पसल, गाडी आदिका नामबाट बनाइएका विल भरपाई झुठा हुन् भनी गरिदिएको कागजबाट समेत पेश्की फछ्यौंटका लागि पेश भएका विल भरपाईहरु झुठा भएको तथ्य स्थापित भएको छ । कोषका कर्मचारीहरुले कार्यक्रम खर्च र दैनिक तथा भ्रमण खर्च भुक्तानी लिंदा दिंदा पालना गर्नु पर्ने आर्थिक ऐन नियम, मापदण्ड निर्देशिका आदिको पालना नभएबाट पनि कार्य प्रबन्धकहरुले पेश्की फछ्यौंटका लागि पेश गरेका विल भरपाई झुठा भएको तथ्य देखिन्छ।कार्य प्रबन्धकहरुबाट पेश भएका कतिपय विल भरपाईहरु एउटै ब्यक्तिको हस्ताक्षर भएको देखिन्छ।त्यसैगरी पेश्की फछ्यौंटका लागि पेश गरेका भरपाईमा उल्लेखित सवारी साधनको नंम्वर **सवारी तथा यातायात ब्यबस्था नियमावली, २०५४** ले बर्गिकरण गरेका नम्बरसँग मेल नखाई काल्पनिक नम्बर राखी झुठा भरपाई तयार गरिएको तथ्य पुष्टि भएको अवस्था छ ।<br>**(इ)** कार्य प्रबन्धकहरुले पेश्की फछ्यौंटका लागि पेश गरेका विल भरपाईहरु प्रचलित कानुन र स्वीकृत मापदण्ड अनुसार सत्य साँचो भए नभएको हेरी गोश्वारा भौचर तयार तथा रुजु गर्नु पर्ने दायित्व भएका पदाधिकारीले त्यसरी तयार तथा रुजु गरी आफ्नो राय साथ पेश्की फछ्यौंटका लागि स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नु पर्ने र स्वीकृत गर्ने पदाधिकारीले पनि आफु समक्ष पेश भएका त्यस्ता कागजात कानुन अनुरुप सत्य साँचो भए नभएको हेरी मात्र स्वीकृत गर्नु पर्नेमा सो जिम्मेबारी पुरा नगरी पेश्की फछ्यौंटका लागि पेश भएका झुठा विल भरपाई समेतका कागजातहरुलाई मिलेमतोमा आफु तथा कार्य प्रबन्धकहरुलाई समेत गैरकानूनी लाभ पुऱ्याउने र गरिबी निवारण कोषलाई गैरकानूनी हानी नोक्सानी पुऱ्याउने उद्धेश्यले बदनियतपुर्वक तयार, रुजु र स्वीकृत गरी कोषको रकम हिनामिना, हानी नोक्सानी गरेको पुष्टि भएको अवस्था छ ।<br>**(ई)** कार्यप्रबन्धकहरु दिपा रेग्मी, झरेन्द्र बहादुर सिंह, निरक बहादुर सुनार, रविन्द्र सुवाल, रमेश लामा, ओम प्रसाद पौडेल, मिना नकर्मी, महेश कुमार शाही, विकम कार्की, लोकेन्द्र सिंह बडाल, पदम सिंह ठगुन्ना, प्रमोद कुमार जोशी, भुपानन्द बि.के., कमल बहादुर थिङ्ग, मालती चौधरी, सजदा खातुन, नविन कुमार पोखरेल, राम बहादुर भुषाल, अमर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | आएको र आ.व.०६७।०६८ मा कार्यक्रम संचालनको लागि पेश्कि लिएको रकम रु.१६,७३,२३८।- (सोह लाख त्रिहत्तर हजार दुई सय अठतिस रुँपया) समेत गरी जम्मा रु.४,२६,०२,३२७।२५ (चार करोड छब्बिस लाख दुई हजार तीन सय सत्ताईस रुँपया र पैसा पच्चीस) प्रतिवादी प्रविन घिमिरेले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा ८(१) को देहाय (ङ) को कसुर गरेको देखिएकोले विगो रु.४,२६,०२,३२७।२५ (चार करोड छब्बिस लाख दुई हजार तीन सय सत्ताईस रुँपया र पैसा पच्चीस)कायम गरी प्रतिवादी प्रविन घिमिरेलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) अनुसार कसुरको मात्रा अनुसार कैद सजाय, विगो बमोजिम जरिवाना हुन र निज प्रविन घिमिरेबाट विगो रु.४,२६,०२,३२७।२५ (चार करोड छब्बिस लाख दुई हजार तीन सय सत्ताईस रुँपया र पैसा पच्चीस) समेत असुल उपर गरी गरिबी निवारण कोषलाई दिलाई भराई पाउन मागदावी लिईएको।<br><br>**वातावरणीय अधिकृत अभिशेष न्यौपानेका हकमाः**<br><br>प्रतिवादी अभिशेष न्यौपानेले आ.व.०६६।०६७ मा रु.३७,९३२।-(सैतिस हजार नौसय वत्तिस रुपैंया) झुठा विल भरपाईका आधारमा पेश्की फछ्र्यौट गरी गराई | भण्डारका संचालक राकेश कुमार साह र न्यू अभिषेक पुस्तक पसलका संचालक रुकुम सिंहले अनुसन्धानको क्रममा आफ्ना पसलका विल भरपाईहरु झुठा हुन भनी कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई वकपत्र गरेको अवस्था नहुदा प्रमाण ऐन, २०३१ को दफा १८ वमोजिम प्रमाणमा लिन मिल्ने देखिएन ।<br><br>**(ङ)प्रतिवादी अच्चुतमान सिंह प्रधानका हकमा**<br>**(अ)** अनुसन्धानका क्रममा कागज गर्ने सनराइज एजुकेशनल एकेडेमीका संचालक हरि कुमार राईले अनुसन्धानका क्रममा आफ्ना पसलका विल भरपाईहरु झुठा हुन भनी कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई मेरो पसलबाट विल जारी भएको हो। सो विल बमोजिमको रकम मैले भुक्तानी लिएको हो भनी अदालत समक्ष बकपत्र गरेको देखिएको छ।अनुसन्धानका क्रममा कागज गर्ने सुसम कम्प्यूटर हेल्प सेन्टरका संचालक राजु मगरले अनुसन्धानका क्रममा आफ्ना पसलका विल भरपाईहरु झुठा हुन भनी कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई विल मेरो आफ्नै पसलको हो भनी अदालत समक्ष बकपत्र गरेको देखिएको छ ।अनुसन्धानका क्रममा कागज गर्ने होटल माउण्ट मकालु एण्ड लजका संचालक निल बहादुर कार्कीले अनुसन्धानका क्रममा आफ्ना पसलका विल भरपाईहरु झुठा हुन भनी कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई विलहरु मेरे होटलबाट जारी भएका हुन। विल अनुसारको रकम मैले भुक्तानी लिएको हुँ। सो कागजमा भएको दस्तखत मेरो नै हो भनी अदालत समक्ष बकपत्र गरेको देखिएको छ ।<br>**(आ)**अनुसन्धानका क्रममा कागज गर्ने | कुमार पाखिन, बालकृष्ण विश्वकर्मा, कृष्ण बहादुर शेराला, तारा प्रसाद जोशी, मनोज कुमार गुप्ता, प्रदिप पौडेल, अच्युत मान सिं प्रधान, निर्मल पन्तले उल्लेखित विल भरपाई कागजातहरु पेश्की फछयौंटको लागि पेश गरेको तथ्य स्वीकार गरी बयान गरेका छन् । लेखा सहायक सतिश कुमार चौधरी र लेखा अधिकृत दिलिप राज जोशीले कार्य प्रबन्धकहरुबाट पेश्की फछयौंटका लागि पेश भए मध्येका कैंही भौचरहरुसँग सम्बन्धित विल भरपाई हेरी गोश्वारा भौचर तयार गरेको तथ्य स्वीकार गर्दै पेश्की फछयौंट गर्ने गराउने क्रममा गरिने कार्य सवैको जिम्मेबारी र दायित्व भित्र पर्ने कार्य हो भनी वयान गरेका छन्। वित्त तथा प्रशासन प्रमुख मनोज चिपालुले कार्य प्रबन्धकहरुले पेश गरेका माथि उल्लेखित विल भरपाईहरुका आधारमा तयार गरी आफु समक्ष पेश गरिएका गोश्वारा भौचर रुजु गरी स्वीकृतिका लागि कार्यकारी निर्देशक समक्ष पेश गरेको र केही गौश्वारा भौचरहरु सदर गरेको तथ्य समेत देखिएको छ । कार्यकारी निर्देशक राजबाबु श्रेष्ठले आफु समक्ष पेश्की फछयौंटका लागि पेश भएका उल्लेखित गोश्वारा भौचरहरु स्वीकृत गरेको तथ्य वयानमा स्वीकार गरेका छन् । लेखा अधिकृत प्रविन घिमिरेले कार्य प्रबन्धकहरुबाट पेश भएका गोश्वारा भौचरहरुसँग सम्बन्धित विल भरपाई हेरी गोश्वारा भौचर तयार गरेको र केहीमा रुजु गरेको देखिएकोमा निज प्रविन घिमिरे र कार्य प्रवन्धकहरु नविन पोखरेल, अरुण पाण्डे, इश्वरीलाल विश्वकर्मा, सुमिता मल्ल, प्रविण मानन्धर, वित्त विश्लेषक मनोज चिपालु र वातावरण अधिकृत अभिशेष न्यौपानेका नाममा अनुसन्धानको क्रममा आयोगबाट जारी भएको सात (७) दिनको सुचना म्यादमा निजहरु उपस्थित नभई म्याद गुजारी बसेको देखिन्छ ।<br><br>**अतः** माथि उल्लेखित कानुनी ब्यबस्था, तालिका तथा प्रमाण कागजातहरुबाट देखिएको तथ्यगत विवरण अनुसार गरिबी निवारण कोषका कार्य प्रवन्धकहरु दिपा रेग्मी, झरेन्द्र बहादुर सिंह, निरक बहादुर सुनार, रविन्द्र सुवाल, रमेश लामा, ओम प्रसाद पौडेल, मिना नकर्मी, महेश कुमार शाही, विकम कार्की, लोकेन्द्र सिंह बडाल, पदम सिंह ठगुन्ना, प्रमोद कुमार जोशी, भुपानन्द बि.के., कमल बहादुर थिङ्ग, मालती चौधरी, सजदा खातुन, नविन कुमार पोखरेल, राम बहादुर भुषाल, अमर कुमार पाखिन, प्रविण मानन्धर, बालकृष्ण विश्वकर्मा, कृष्ण बहादुर शेराला, तारा प्रसाद जोशी, ईश्वरी लाल वि.क., मनोज कुमार गुप्ता, प्रदिप पौडेल, अरुण पाण्डे, अच्युत मान सिं प्रधान, निर्मल पन्त अभिशेष न्यौपाने र सुमिता मल्ल तथा लेखा अधिकृत प्रविण घिमिरे समेतले विभिन्न कार्यक्रममा खर्च भएको भनी सो कार्यक्रम सञ्चालन गर्न कोषबाट लिएको पेश्की रकम फछ्यौंट गर्ने क्रममा झुठा विल भरपाई पेश गरेको देखिएको छ । कोषका लेखा अधिकृतहरु प्रविन घिमिरे र दिलिप राज जोशी एवं लेखा सहायक सतिश कुमार चौधरीले कार्य प्रबन्धकहरुले पेश गरेका झुठा विल भरपाईका आधारमा गोश्वारा भौचर तयार गरेका, कोषका वित्त एवं प्रशासन प्रमुख मनोज चिपालुले झुठा विल भरपाईका आधारमा तयार भई आफु समक्ष पेश भएका केही गोश्वारा भौचर रुजु (चेक) गरेका र केही |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भुक्तानी लिई दिई आफू समेतलाई गैर कानूनी लाभ र गरिबी निवारण कोषलाई गैरकानुनी हानी नोक्सानी पुऱ्याएको पुष्टि हुन आई प्रतिवादी अभिशेष न्यौपानेले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा ८(१) को देहाय (ङ) को कसुर गरेको देखिएकोले विगो रु.३७,९३२।- (सैतिस हजार नौसय वत्तिस रुपैंया) कायम गरी प्रतिवादी अभिशेष न्यौपानेलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) अनुसार कसुरको मात्रा अनुसार कैद सजाय, विगो बमोजिम जरिवाना हुन र निज अभिशेष न्यौपानेबाट विगो रु. ३७,९३२।- (सैतिस हजार नौसय वत्तिस रुपैया) समेत असुल उपर गरी गरिबी निवारण कोषलाई दिलाई भराई पाउन मागदावी लिईएको ।<br><br>**लेखा सहायक सतिश कुमार चौधरीका हकमाः**<br><br>प्रतिवादी सतिश कुमार चौधरीले कार्य प्रबन्धकहरुले पेश गरेका विल भरपाईहरु कानुन बमोजिम भए नभएको र सही सत्य भए नभएको भन्ने कुरा चेकजाँच, जाँचबुझ एवं परीक्षण समेत नगरी कार्य प्रबन्धकहरु समेतसँग सरसल्लाह र मिलेमतो गरी झुठा विल भरपाईका आधारमा पेश्की फछ्यौंटका लागि गोश्वारा भौचर तयार गरी आफुसमेतलाई गैरकानुनी लाभ पुऱ्याउने र गरिबी निवारण कोषलाई गैरकानुनी हानी नोक्सानी | राजभण्डारी ट्रेडर्स एण्ड सप्लायर्सका संचालक सुन केशर राजभण्डारी, इन्द्र एण्ड सन्स ट्रेडर्सका संचालक इन्द्र नारायण राजभण्डारी र मनिष होटल एण्ड लजका संचालक सविता बस्नेतले अनुसन्धानको क्रममा आफ्ना पसलका विल भरपाईहरु झुठा हुन भनी कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई वकपत्र गरेको अवस्था नहुदा प्रमाण ऐन, २०३१ को दफा १८ वमोजिम प्रमाणमा लिन मिल्ने देखिएन ।<br><br>**(इ)** प्रतिवादीले प्रयोग गरेको को१च ४९६३ नं. सवारी साधन, बा७च ९९६१ नं. को सवारी साधन, भे१च ६५५ नं. को सवारी साधन, भे१च ८३८ नं. को सवारी साधन, बा ६च ७२६२ नं. को सवारी साधन यातायात कार्यालयमा विधिवत दर्ता भई संचालनमा रहेको अवस्थामा राष्ट्रिय अनुसन्धान विभागको पत्रको आधारमा मात्र त्यस्ता गाडिको भाडा विल भरपाई झुठ्ठा रहेको भन्न मिलेन। अनुसन्धानका क्रममा कागज गर्ने बा६च ७२६२ नं. को सवारी संचालक दिलिप कुमार मैनालीले अनुसन्धानको क्रममा आफ्ना पसलका विल भरपाईहरु झुठा हुन भनी कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई वकपत्र गरेको अवस्था नहुदा प्रमाण ऐन, २०३१ को दफा १८ वमोजिम प्रमाणमा लिन मिल्ने देखिएन । सवारी साधन यातायात कार्यालयमा विधिवत दर्ता भई संचालनमा रहेको अवस्थामा त्यस्ता गाडिको भाडा विल भरपाई झुठ्ठा रहेको भन्न मिलेन।<br>**(ई)** प्रयोग भएका गाडि कुनै पनि जिल्लाको यातायात कार्यालयमा विधिवत दर्ता भई संचालनमा रहेको अवस्थामा सरुवा सहमति भई अन्य कुनै जिल्लामा दर्ता रहेको भन्ने आधारमा | सदर गर्ने समेतका कार्य गरेका र कोषका कार्यकारी निर्देशक राजवावु श्रेष्ठले झुठा विल भरपाईका आधारमा पेश्की फछ्र्यौटका लागि पेश भएका गोश्वारा भौचर सदर गरेको देखिएको छ। जसबाट गरिबी निवारण कोषका उल्लेखित कार्यप्रबन्धकहरु, लेखा अधिकृतहरु, लेखा सहायक, वित्त तथा प्रशासन प्रमुख एवं कार्यकारी निर्देशक समेतले एकआपसमा सरसल्लाह र मिलेमतो गरी आफुलाई गैरकानुनी लाभ पुऱ्याउने र गरिवी निवारण कोषलाई गैरकानुनी हानी पुऱ्याउने बदनियतले आ.व.०६६।०६७ मा रु.९६,२५,४३०।७५ (छयानब्वे लाख पच्चीस हजार चार सय तीस रुपैया र पैसा पचहत्तर मात्र), आ.व.०६७।०६८ मा रु.१,८४,४२,९६९।-( एक करोड चौरासी लाख बयालीस हजार नौ सय उनान्सत्तरी रुपैया मात्र) र आ.व.०६८।०६९ मा रु.१,५४,१९,५१६।५० (एक करोड चौवन्न लाख उन्नाइस हजार पाँच सय सोह् रुपैया र पैसा पचास मात्र) समेत गरी ३ (तीन) आर्थिक वर्षको अवधिमा जम्मा रु. ४,३४,८७,९१६।२५ (चार करोड चौतीस लाख सतासी हजार नौसय सोह्र रुपियाँ र पैसा पच्चीस मात्र) विभिन्न कार्यक्रम र त्यस बापतको भ्रमणका नाममा खर्च भएको भनि झुठा विल भरपाई वनाई पेश गरी पेश्की फछ्र्यौट गर्ने गराउने कार्य गरी हिनामिना एवं हानी नोक्सानी गरी गराई गरिबी निवारण कोषलाई गैर कानूनी हानी नोक्सानी र आफूहरुलाई गैरकानुनी लाभ पुऱ्याई भ्रष्टाचार गरेको पुष्टि भएको अवस्थामा प्राप्त प्रमाणहरुको उचित मुल्याङ्कन नगरी प्रतिवादीहरुलाई आरोपदावी वमोजिमको कसुर सजायवाट उन्मुक्ती दिने गरी भएको प्रस्तुत फैसला प्रमाणको मुल्याङ्कनको रोहमा त्रुटि पुर्ण भई वदर भागि छ।<br>**ख)** कोषवाट मिति २०६७/१२/६ (२०११ march २०) मा स्वीकृत Financial Norms and Standards (FNS), २०११ को व्यवस्था हेर्दा **कार्यक्रममा सहभागीहरुको सहभागिता पुष्टयाइँ सम्वन्धमाः** कोषवाट मिति २०६७/१२/६ (२०११ march २०) मा स्वीकृत Financial Norms and Standards (FNS), २०११ को नं. A मा उल्लेखित Program conduct in District Level को Note मा कोषका कर्मचारीहरुले फिल्डमा कार्यक्रम संचालन गर्दा मितव्ययी तथा प्रभावकारी रुपमा संचालन गर्नु पर्ने र सो कार्यक्रमलाई पुष्टयाइँ गर्ने यथार्थ र वास्तविक प्रमाणहरु जस्तैःसहभागीलाई कार्यक्रममा सहभागिताका लागि गरिएको पत्राचारको सक्कल पत्र, सहभागीहरुको उपस्थितिको सक्कल हाजिरी, सहभागिहरुलाई भत्ता भुक्तानी गरिएको सक्कल विवरण लगायतका कागजात पेश गर्नु पर्ने, आवासीय तालिममा मात्र सहभागिले खाना तथा वासको खर्च पाउने, गैरआवासीय तालिममा सहभागीहरुको खाना, खाजा खर्चको लागि कार्यकारी निर्देशकको पूर्व स्वीकृति अनिवार्य रुपमा लिनुपर्ने र खर्चका मापदण्डहरुको पालना गर्नु पर्ने व्यवस्था रहेको देखिन्छ ।<br>**भ्रमण तथा कार्यक्रममा भएका खर्चका विल सम्वन्धमाः** उपरोक्त Financial Norms and Standards (FNS), २०११ ले खर्चका विल वास्तविक हुनुपर्ने तथा आयकर र मूल्य अभिबृद्धि करमा दर्ता भएका करदाताहरुसँग खरिद गरिएका |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | पुऱ्याउने वदनियतले पेश भएका झुट्ठा बील भरपाइका आधारमा पेश्की फछर्यौटका लागि आ.व.०६६।०६७ मा रु.२७,०२,०१०।५० र आ.व. २०६८।०६९ मा रु.१८,५८०।- समेत गरी २(दुई) आ.व मा जम्मा रु.२७,२०,५९०।५० (सत्ताईस लाख बीस हजार पाँचसय नब्बे रुपैंया र पैसा पचास) भौचर तयार गरी पेश्की फछर्यौट गरी गराई भुक्तानी लिई दिई आफू समेतलाई गैर कानूनी लाभ र गरिबी निवारण कोषलाई गैरकानुनी हानी नोक्सानी पुऱ्याएको पुष्टि हुन आई प्रतिवादी सतिश कुमार चौधरीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा ८(१) को देहाय (ङ) को कसुर गरेको देखिएकोले विगो रु.२७,२०,५९०।५०(सत्ताईस लाख बीस हजार पाँचसय नब्बे रुपैंया र पैसा पचास) कायम गरी प्रतिवादी सतिस कुमार चौधरीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) अनुसार कसुरको मात्रा अनुसार कैद सजाय, विगो बमोजिम जरिवाना हुन र निज सतिस कुमार चौधरीबाट विगो रु.२७,२०,५९०।५० (सत्ताईस लाख बीस हजार पाँचसय नब्बे रुपैंया र पैसा पचास) समेत असुल उपर गरी गरिबी निवारण कोषलाई दिलाई भराई पाउन मागदावी लिईएको ।<br><br>**वित्त तथा प्रशासन प्रमुख मनोज चिपालुका हकमाः** | मात्र त्यस्ता गाडिको भाडा विल भरपाई झुट्ठा रहेको भन्न मिलेन।प्रतिवादी अच्युतमान सिंह प्रधानले आरोपित कसूरबाट सफाई पाउने देखिन्छ।<br>**(च)प्रतिवादी निर्मल पन्तका हकमा**<br>**(अ)** अनुसन्धानका क्रममा कागज गर्ने को१ज ५६३ नं को सवारी साधनका धनी पवन अग्रवाल, को१ज ५३४ नं जिपका धनी मदन बहादुर बस्नेत र को१ज ६४६ नं जिपका धनी/चालक महेन्द्र कुमार क्षेत्रीले अनुसन्धानको क्रममा भरपाई नक्कली, कपोकल्पित र झुठा हो भन्ने व्यहोराको कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई वकपत्र गरेको अवस्था नहुदा प्रमाण ऐन, २०३१ को दफा १८ वमोजिम प्रमाणमा लिन मिल्ने देखिएन ।<br>**(आ)** प्रतिवादीले प्रयोग गरेको भे १च ७८१ नं. को सवारी साधन, ना १च ४५६६ नं. को सवारी साधन अग्नि इनकर्पोरेट प्रा.लि. को नाममा दर्ता रहेको र बा २च २३२५ नं को सवारी साधन होटल सोल्टीको नाममा दर्ता रहेको भन्ने वादी दावी छ । अग्नी इन्कर्पोरेटेड प्रा. लि.काठमाण्डौ गाडी व्यवसायमा संलग्न रहेको देखिन्छ। उक्त गाडी भाडामा दिएको हो वा होइन? भन्ने विषयमा बादीले अग्नी इन्कर्पोरेटेड प्रा. लि.काठमाण्डौलाई र बा २च २३२५ नं को सवारी साधन सम्बन्धमा होटल सोल्टीलाई बुझ्दै नबुझी गाडी भाडामा नदिएको अर्थ गरेको देखिदा प्रतिवादीले भे १च ७८१ नं. को सवारी साधन, ना १च ४५६६ नं. को सवारी साधन भाडामा नलिएको भन्ने दावी विश्वसनीय देखिन आएन। प्रयोग भएका गाडि यातायात कार्यालयमा विधिवत दर्ता भई संचालनमा रहेको अवस्थामा त्यस्ता गाडिको भाडा विल भरपाई झुट्ठा रहेको भन्न मिलेन।<br>**(इ)** प्रतिवादीले प्रयोग गरेको को १ज २२६५ | विलहरु मात्र पेश गर्नु पर्ने व्यवस्था गरेको देखिन्छ। उक्त व्यवस्था सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ ले सार्वजनिक निकायले कुनै पनि वस्तु तथा सेवा खरिद गर्दा रु.५,०००।- भन्दा माथिको खरिद मूल्य अभिबृद्धि करमा दर्ता भएकासँग र सो भन्दा कमको खरिद स्थायी लेखा नम्बर प्राप्त गरेका करदाताहरुसँग मात्र गर्नु पर्ने व्यवस्था सँग सम्वन्धीत रहेको देखिन्छ।<br>**करकट्टी सम्वन्धमाः** उपरोक्त Financial Norms and Standards (FNS), २०११ ले कानुन वमोजिम लाग्ने करकट्टी गरेर मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था गरेको देखिन्छ। उक्त व्यवस्था आयकर ऐन, २०५८ को दफा ८८ ले कुनै पनि भाडा रकम भुक्तानी गर्दा १० % करकट्टी गरेर मात्र गर्नु पर्ने व्यवस्था गरेको देखिन्छ। सोही ऐनको दफा ८९(क) ले मूल्य अभिबृद्धि कर लाग्ने खरिद विजकमा भुक्तानी गर्दा पनि १.५ % करकट्टी गर्नु पर्ने व्यवस्था सँग सम्वन्धित रहेको देखिन्छ।<br>**गाडी भाडा भुक्तानी सम्वन्धमाः** उक्त Financial Norms and Standards (FNS), २०११ ले कोषका कर्मचारीहरुले फिल्डमा भ्रमण गर्दा मितव्ययी भई सवारी साधन भाडामा लिई प्रयोग गर्नु पर्ने र भाडामा लिएका सवारी साधनलाई पुष्ट्याइँ गर्ने प्रमाणहरु सवारी साधन दर्ता नं., चालक अनुमति पत्र, करकट्टी प्रमाण सहित रकम भुक्तानी गरेको विल भरपाई आदि पेश गर्नु पर्ने व्यवस्था गरेको पाईन्छ।<br>**भ्रमण खर्च सम्बन्धमाः** कोषको संचालक समितिको मिति २०६६/५/१५ गतेको निर्णय अनुसार कोषको कामको सिलसिलामा भ्रमणमा जाँदा टिकटमा उल्लेख भए अनुसारको हवाईजहाज चल्ने ठाँउको लागि हवाई भाडा एवं अन्य ठाँउको लागि प्रथम श्रेणीको वस वा रेल भाडा, ट्याक्सी खर्च र अन्य यातायात वापतको वास्तविक खर्च पाउने व्यवस्था गरेको देखिन्छ । उक्त निर्णय भ्रमण खर्च नियमावली, २०६४ को नियम ३ मा भ्रमण आदेश वा निर्णय बिना भ्रमण खर्च गर्न नहुने, नियम ४ मा भ्रमण किफायती हुनु पर्ने, सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो बाटो वा सवारी साधन प्रयोग गरी भ्रमण गर्नु पर्ने तथा नियम १८(१) मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बील भरी भ्रमण प्रतिवेदन साथ आवश्यक बील भर्पाई सम्बन्धित कार्यालयमा पेश गर्नु पर्ने ब्यबस्था सँग सम्वन्धित रहेको देखिन्छ ।<br>**साथै;** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८७क. को उपनियम (३) मा "ऐनको दफा ६७ को उपदफा (३) बमोजिम कार्यविधि बनाउँदा सार्वजनिक खरिद सम्वन्धी मूलभूत सिद्धान्त विपरित नहुने गरी बनाउनु पर्नेछ भनी कानून व्यवस्था रहेको देखिन्छ"।<br>**अतः** प्रस्तुत मुद्दाको अभियोजन गर्दा गरिवी निवारण कोष ऐन, २०६३, गरिवी निवारण कोष नियमावली, २०६४, गरिबी निवारण कोष कर्मचारी सेवा विनियमावली, २०६९, आयकर ऐन, २०५८, मूल्य अभिबृद्धि कर ऐन, २०५२, सार्वजनिक खरिद |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रतिवादी मनोज चिपालुले कार्य प्रबन्धकहरुले पेश गरेका विल भरपाईहरु कानुन बमोजिम भए नभएको र सही सत्य भए नभएको भन्ने कुरा चेकजाँच, जाँचबुझ एवं परीक्षण समेत नगरी कार्यप्रबन्धकहरु समेतसँग सरसल्लाह र मिलेमतो गरी झुठा विल भरपाईका आधारमा पेश्की फछ्र्यौटका लागि गोश्वारा भौचर रुजु (चेक) एवं केही गोश्वारा भौचरहरु सदर समेत गरी बदनियत साथ कार्य प्रवन्धक एवं कार्यकारी प्रमुख राजबाबु श्रेष्ठ समेतसँग मिलेमतो गरी आफु समेतलाई गैरकानुनी लाभ पुऱ्याउने र गरिबी निवारण कोषलाई गैरकानुनी हानी नोक्सानी पुऱ्याउने कार्य गरी गराई रकम भुक्तानी गरे गराएको देखिएको आ.व.०६६।०६७ मा रु. ९१,६६,९४२।७५, आ.व.०६७।०६८ मा रु. १,८३,९८,७७९।- र आ.व. ०६८।०६९ मा रु.१,५४,१९,५१६।५० समेत गरी ३ (तीन) आर्थिक वर्षको अवधिमा जम्मा विगो रु.४,२९,८५,२३८।२५ (चार करोड उनान्तिस लाख पचासी हजार दुई सय अठ्तीस रुँपया र पैसा पच्चीस) गरिवी निवारण कोषलाई हानी नोक्सानी गरे गराएको पुष्टि हुन आई प्रतिवादी मनोज चिपालुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा ८(१) को देहाय (ङ) को कसुर गरेको देखिएकोले विगो रु. ४,२९,८५,२३८।२५ (चार करोड उनान्तिस लाख पचासी हजार | नं को सवारी साधन मिति २०७१/०७/१६ मा सनराइज बैक लि. धरानको नाममा दर्ता रहेको वादी दावी रहेको देखिन्छ। ना १च. १५३३ नं. को सवारी साधन २०६६।५।८ मा सिप्रदी ट्रेडिङ्गको नाममा दर्ता भई मिति २०६६।५।२३ मा रा.वा.बैंक भरतपुरको नाममा निजी प्रयोजनको लागि दर्ता भएको वादी दावी रहेको देखिन्छ।उक्त गाडी भाडामा दिएको हो वा होइन? भन्ने विषयमा बादीले सनराइज बैक लि. लाई र रा.वा.बैंक भरतपुरलाई बुझ्दै नबुझी गाडी भाडामा नदिएको अर्थ गरेको देखिदा प्रतिवादीले को १ज २२६५ नं को सवारी साधन, ना १च. १५३३ नं. को सवारी साधन भाडामा नलिएको भन्ने दावी विश्वसनीय देखिन आएन। प्रयोग भएका गाडि यातायात कार्यालयमा विधिवत दर्ता भई संचालनमा रहेको अवस्थामा त्यस्ता गाडिको भाडा विल भरपाई झुठ्ठा रहेको भन्न मिलेन।<br>**(ई)** प्रतिवादीले प्रयोग गरेको ना १च ३२४९ नं. को सवारी साधन मिति २०५७/५/२९ मा बागमती सरुवा सहमती भई गएको, को १ज ५३५ नं को सवारी साधन मिति २०५७/०९/१२ मा कोशीबाट मेचीमा सरुवा सहमती भै गएको, को.१ ज. ५३५ नं. को सवारी साधन मिति २०५७।९।१२ मा नै मेचीमा सरुवा सहमती भई गएको देखिन्छ। कुनै पनि जिल्लाको यातायात कार्यालयमा विधिवत दर्ता भई संचालनमा रहेको अवस्थामा सरुवा सहमति भई अन्य कुनै जिल्लामा दर्ता रहेको भन्ने आधारमा मात्र त्यस्ता गाडिको भाडा विल भरपाई झुठ्ठा रहेको भन्न मिलेन।<br>**(उ)** प्रतिवादीले प्रयोग गरेको लु १च २८१४ नं. को सवारी साधन निजी पिकअप रहेको भन्ने वादी दावी छ । प्रतिवादीले प्रयोग गरेको लु १च २६६९ नं को सवारी साधन निजी भ्यानमा | ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, Financial Norms and Standards-FNS, २०११, भ्रमण भत्ता नियमावली, २०६४, कोषको आर्थिक व्यवस्थापन निर्देशिका, २०६६, गरिबी निवारण कोष कार्य संचालन निर्देशिका तथा कार्यविधि, २०६८, Operational Manual, २००६ र कोषको संचालक समितिबाट विभिन्न मितिमा भएका निर्णयहरुलाई नै आधार लिई संकलित सवुद प्रमाणको आधारमा प्रतिवादीहरुको भ्रष्टाचार जन्य कसुर अपराध पुष्टि भएको देखिएकोले आरोपपत्र दायर गरिएको अवस्थामा संकलित सवुद प्रमाणहरुको उचित मुल्याङ्कन नगरी अपव्याख्या गरी गरीवी निवारण कोषका कर्मचारीहरुले गरेको खरीद कार्य Financial Norms and Standards विपरित नरहेको भनी आधार लिई प्रतिवादीहरुलाई आरोपदावी वमोजिमको कसुर सजायवाट उन्मुक्ती दिने गरी भएको प्रस्तुत फैसला प्रचलित कानूनी व्यवस्थाको प्रतिकुल वदर भागि छ।<br>**ग)** माथि प्रकरण नम्वर **५(क)** मा विवेचित आधार प्रमाणहरुवाट प्रतिवादीहरुले संचालन कार्यक्रमहरुको हकमा दावी नरही कार्यक्रम नै संचालन नगरेको तथा कार्यक्रम संचालन गरेकोमा पनि भए गरेको खर्च भन्दा वढीको विल भर्पाई पेश गरी भ्रष्टाचार गरेको सवुद प्रमाणहरुको आधारमा मात्र विगो कायम गरी आरोपदावी पेश गरेकोमा आरोपदावीको विषयलाई विषयान्तर गरी कार्यप्रवन्धकको जिम्मेवारीमा रहेका प्रवन्धकहरुले गरीवी निवारण कोषको केन्द्रीय कार्यालयमा कार्यसम्पन्न प्रतिवेदन पेश गरी निर्देशकले स्वीकृत गरेको भन्ने मिसिल संलग्न प्रमाणहरुबाट देखिन्छ। प्रतिवेदन साथ भ्रमण आदेश, कार्यक्रमका लाभग्राहीहरुको उपस्थिति, कार्यक्रमका सहभागीहरु देखिने कार्यक्रमको फोटोहरु, सहभागीहरुले बुझेको खर्च, खाना सहितको भरपाई, स्थानीय स्टेशनरी पसलको विल समेत संलग्न रहेको भन्ने देखिन्छ। प्रतिवादीहरुले पेश गरेको प्रमाण मध्ये केही प्रमाणहरु मात्र झुठ्ठा रहेको वादी दावी रहेकोमा बाँकी प्रमाणले कार्यक्रम बास्तविक रुपमा सम्पन्न भएको देखिन आउँछ।उपरोक्त प्रमाणहरुबाट प्रतिवादीहरुले जिल्ला स्तरमा कार्यक्रम गरेको पुष्टि भएकोले कार्यक्रम सम्पन्न नै नगरी झुठ्ठा विल भरपाई बनाएको भन्ने सो हदसम्मको बादी दावी पुष्टि हुन सकेन भन्ने आधार लिई प्रतिवादीहरुलाई आरोपदावी वमोजिमको कसुर सजायवाट उन्मुक्ती दिने गरी भएको प्रस्तुत फैसला आरोपदावीको मुल विषयको विश्लेषण तथा मिसिल संलग्न सवुद प्रमाणहरुको मुल्याङ्कनको रोहमा त्रुटि पुर्ण भई वदर भागि छ।<br>**घ) भ्रमण तथा कार्यक्रममा भएका खर्चका विल सम्वन्धमाः** उपरोक्त Financial Norms and Standards (FNS), २०११ ले खर्चका विल वास्तविक हुनुपर्ने तथा आयकर र मूल्य अभिबृद्धि करमा दर्ता भएका करदाताहरुसँग खरिद गरिएका विलहरु मात्र पेश गर्नु पर्ने व्यवस्था गरेको देखिन्छ। उक्त व्यवस्था सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ ले सार्वजनिक निकायले कुनै पनि वस्तु तथा सेवा खरिद गर्दा रु.५,०००।- भन्दा माथिको खरिद मूल्य अभिबृद्धि करमा दर्ता भएकासँग र सो भन्दा कमको खरिद स्थायी लेखा नम्बर प्राप्त गरेका करदाताहरुसँग मात्र गर्नु |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | दुई सय अठ्तीस रुँपया र पैसा पच्चीस) कायम गरी प्रतिवादी मनोज चिपालुलाई भ्रष्टाचार निवारण ऐन २०५९, को दफा दफा ८(१) अनुसार कसुरको मात्रा अनुसार कैद सजाय, विगो बमोजिम जरिवाना र निज मनोज चिपालुबाट विगो रु.४,२९,८५,२३८।२५ (चार करोड उनान्तिस लाख पचासी हजार दुई सय अठ्तीस रुँपया र पैसा पच्चीस) समेत असुल उपर गरी गरिबी निवारण कोषलाई दिलाई भराई पाउन मागदावी लिईएको ।<br><br>**कार्यकारी निर्देशक राजबाबु श्रेष्ठका हकमाः**<br><br>प्रतिवादी राजबाबु श्रेष्ठले कार्य प्रबन्धकहरुले पेश गरेका विल भरपाईहरु कानुन बमोजिम भए नभएको र वास्तविक एवं सही सत्य भए नभएको भन्ने कुराको चेकजाँच, जाँचबुझ एवं परीक्षण समेत नगरी कार्यप्रबन्धकहरु, लेखा अधिकृत, लेखा सहायक एवं वित्त तथा प्रशासन प्रमुख समेतसँग सरसल्लाह र मिलेमतो गरी झुठ्ठा विल भरपाईका आधारमा पेश्की फछ्यौंटका लागि तयार एवं पेश भएका गोश्वारा भौचरहरु सदर गरी दस्तखत गरी भुक्तानी गरे गराई बदनियतसाथ कार्य प्रवन्धकहरु समेतसँग मिलेमतो गरी आफु समेतलाई गैरकानुनी लाभ पुऱ्याउने र गरिबी निवारण कोषलाई गैरकानुनी हानी नोक्सानी पुऱ्याउने कार्य गरी गराई | ०६४/५/११ मा हेरफेर दर्ता भएको वादी दावी रहेको देखिन्छ। निजी गाडि पनि कुनै विशेष अवस्थामा भाडामा लिई प्रयोग गर्ने व्यावहारिक चलन रहेको अवस्थामा गाडि प्राईभेट रहेको भन्ने आधारमा मात्र गाडिको विल भरपाई झुठ्ठा रहेको भन्न मिलेन । प्रतिवादीले प्रयोग गरेको लु १च १८८५ नं को सवारी साधन मिति २०६६/०४/१९ मा शुरु दर्ता भएको भनी यातायात व्यवस्था कार्यालय बुटवलको मिति २०७१/८/४ को पत्रबाट लेखी आएको वादी दावी रहेको देखिन्छ।प्रयोग भएका गाडि कुनै पनि जिल्लाको यातायात कार्यालयमा विधिवत दर्ता भई संचालनमा रहेको अवस्थामा त्यस्ता गाडिको भाडा विल भरपाई झुठ्ठा रहेको भन्न मिलेन।<br>**(छ)प्रतिवादी अरुण पाण्डेका हकमा**<br>(अ) भ्रष्टाचारको प्रयोजनका लागि विल भरपाई बेरितको हुनु र झुठ्ठा हुनु अलग अलग कुरा हुन। विल भरपाईहरु रितपुर्वकको छ वा छैन? भन्ने कुरा मूलतः लेखापरीक्षणको विषयभित्र पर्ने भई PAN/VAT विल नरहेको आधारमा मात्र दावीका विल भरपाई झुठ्ठा रहेको भन्न मिलेन। विल भरपाई सम्बन्धित पसलको रहेभएको देखिएकोमा बेरितको रहेको भन्ने आधारमा मात्र सबै विल भरपाई झुठ्ठा रहेको भन्न मिलेन। प्रतिवादीले झुठ्ठा विल भरपाई सिर्जना गरी भुक्तानी लिएको दावी पुष्टि हुन सकेन।<br><br>(आ)गाडि भाडामा लिई प्रयोग गर्दा गाडी भाडा सम्झौता नरहेको वा भाडा वुझाएको PAN/VAT विल भरपाई नरहेको भन्ने आधारमा मात्र Financial norms and standard को प्रावधान अनुरुप रहेको हदसम्म विल भरपाई झुठ्ठा रहेको भन्न मिल्ने देखिएन ।भ्रष्टाचारको प्रयोजनका लागि विल भरपाई बेरितको हुनु र झुठ्ठा हुनु | पर्ने व्यवस्था सँग सम्वन्धीत रहेको देखिएको अवस्थामासमेत गरीवी निवारण कोषको परियोजना "To Improve Living Conditions, Livelihoods and Empowerment of the Rural Poor" का लागि कार्यक्रमको खरिद प्रकृयामा लागु हुने कानून Financial Norms and Standard 2067 रहे भएकोले कोषको कार्यक्रममा पेश्की फछ्यौंटका लागि पेश गरिएका विल भरपाईहरु सार्वजनिक खरिद नियमावलीको नियम १९(१) बमोजिम आवश्यक VAT/PAN विल नै नचाहिने भन्ने Financial Norms and Standard 2067 ले व्यवस्था गरेको भनी उक्त Financial Norms and Standard 2067 ले स्पष्ट व्यवस्था गरेको आयकर तथा अभिबृद्धी करमा दर्ता भएको करदाता सँग खरिद गरेको विल हदमात्र पशे गर्नु पर्ने भन्ने व्यवस्था विपरित उक्त Standard को परिकल्पना तथा नगरेको व्यवस्थालाई आधार लिई प्रतिवादीहरुलाई आरोपदावी वमोजिमको कसुर सजायवाट उन्मुक्ती दिने गरी भएको प्रस्तुत फैसला कानूनको व्याख्याको रोहमा त्रुटि पुर्ण भई वदर भागि छ।<br>**ङ)**सामान्यतः प्रतिवादीहरुले गरेको खरीद कार्य विल भरपाईद्वारा पुष्टि हुन नसकेको अवस्थालाई बेरुजु भनिन्छ। बेरुजु र भ्रष्टाचार अलग अलग विषय हुन। प्रतिवादीहरुको खरिद प्रकृयामा खरिद सम्झौताको अनिवार्यता वादी स्वयंमले नै पुष्टि गर्नुपर्नेमा सो गरेको देखिएन भनी आधार लिई प्रतिवादीहरुलाई आरोपदावी बमोजिमको कसुर सजाय नगरी भएको प्रस्तुत फैसलाको सम्वन्धमा हेर्दा प्रस्तुत मुद्दामा मिसिल संलग्न सवुद प्रमाणहरुवाट प्रतिवादीहरुले आफूसमेतलाई गैरकानूनी लाभ तथा गरीवी निवारण कोषलाई हानिनोक्सानी गर्ने बदनियतले सरकारी सम्पत्ति दूषित मनसायबाट खर्च गरी हानि नोक्सानी पुऱ्याउने कार्य गरेको पुष्टि भएको अवस्थामा छ।साथै बेरुजु र भ्रष्टाचारको विषयको सम्वन्धमा वादी नेपाल सरकार वि. प्रतिवादी बलिराम दास कथवनियासमेत भएको भ्रष्टाचार मुद्दामा "भ्रष्टाचारको कसुर स्थापित हुन सरकारी सम्पत्ति दूषित मनसायबाट खर्च गरी हानि नोक्सानी पुऱ्याउने नियत र त्यसबाट आफूले लिनु खानु गरेको भन्ने प्रस्ट रूपमा देखिनु पर्ने ।" भनी सम्मानित सर्वोच्च अदालतवाट**(ने.का.प २०७६, नि.न १०२०८, अंक ३, भाग ६१)** मा नजिर प्रतिपादन भएको अवस्थामा उक्त नजिरको प्रतिकुल हुने गरी भएको फैसला त्रुटी पूर्ण भई बदर भागि छ ।<br>**च)** अतः उल्लेखित विवेचित आधार प्रमाणहरुवाट निम्न लिखित प्रतिवादीहरुलाई आरोपदावी भन्दा अति कम नाम मात्रको विगो रकम मात्र सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको भनि भएको फैसला निम्न लिखित आधार प्रमाणहरुवाट त्रुटपूर्ण एवं वदर योग्य रहेको छ ।<br>**च१).प्रतिवादी दिपा रेग्मीका हकमाः-**<br>निज प्रतिवादी उपर विगो रु.२०,५९,७०९।— रकम गैरकानूनी हानीनोक्सानी पुर्याएको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ङ) को कसुरमा दफा ८(१) को सजायको मागदावी लिइएकोमा विशेष अदालतवाट विगो रु.३२,५००।—रकम मात्र |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भुक्तानी गरे गराएको देखिएको आ.व.०६६।०६७ मा रु.९४,७३,२९६।७५, आ.व.०६७।०६८ मा रु.१,८४,४२,९६९।- र आ.व. ०६८।०६९ मा रु.१,५१,८९,२८६।५० समेत गरी ३(तीन) आर्थिक वर्षको अवधिमा जम्मा विगो रु. ४,३१,०५,५५२।२५ (चार करोड एकतिस लाख पाँच हजार पाँचसय बाउन्न रुँपैया र पैसा पच्चीस) गरिबी निवारण कोषलाई गैर कानूनी हानी नोक्सानी गरे गराएको पुष्टी हुन आई प्रतिवादी राजबाबु श्रेष्ठले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा ८(१) को देहाय (ङ) को कसुर गरेको देखिएकोले विगो रु.४,३१,०५,५५२।२५ (चार करोड एकतिस लाख पाँच हजार पाँचसय बाउन्न रुँपैया र पैसा पच्चीस) कायम गरी प्रतिवादी राजबाबु श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(१) अनुसार कसुरको मात्रा अनुसार कैद सजाय, विगो बमोजिम जरिवाना हुन र निज राजबाबु श्रेष्ठबाट विगो रु.४,३१,०५,५५२।२५ (चार करोड एकतिस लाख पाँच हजार पाँचसय बाउन्न रुँपैया र पैसा पच्चीस) समेत असुल उपर गरी गरिबी निवारण कोषलाई दिलाई भराई पाउन तथा निज राजबाबु श्रेष्ठ विशिष्ट श्रेणी सरहको कर्मचारी भएको भनी गरिवी निवारण कोषको च.नं.५२२ मिति २०७१।११।१७ को पत्रबाट लेखी आएको हुँदा निज राजबाबु श्रेष्ठलाई | अलग अलग कुरा हुन। विल भरपाईहरु रीत पूर्वकको छ वा छैन? भन्ने कुरा मूलतः लेखापरीक्षणको विषयभित्र पर्ने देखिन्छ। PAN/VAT विल भरपाई नरहेको आधारमा मात्र दावीका विल भरपाई झुठ्ठा रहेको भन्न मिलेन। प्रयोग भएका गाडि कुनै पनि जिल्लाको यातायात कार्यालयमा विधिवत दर्ता भई संचालनमा रहेको अवस्थामा सरुवा सहमति भई अन्य कुनै जिल्लामा दर्ता रहेको भन्ने आधारमा मात्र त्यस्ता गाडिको भाडा विल भरपाई झुठ्ठा रहेको भन्न मिलेन। वादी दावी पुग्न नसकी प्रतिवादी अरुण पाण्डेले आरोपित कसूरबाट सफाई पाउने देखिन्छ।<br>**<u>(ज)प्रतिवादी सुमिता मल्लका हकमा</u>**<br>**(अ)** भ्रष्टाचारको प्रयोजनका लागि विल भरपाई बेरितको हुनु र झुठ्ठा हुनु अलग अलग कुरा हुन। विल भरपाईहरु रितपूर्वकको छ वा छैन? भन्ने कुरा मूलतः लेखापरीक्षणको विषयभित्र पर्ने भई PAN/VAT विल नरहेको आधारमा मात्र दावीका विल भरपाई झुठ्ठा रहेको भन्न मिलेन। विल भरपाई सम्बन्धित पसलको रहेभएको देखिएकोमा बेरितको रहेको भन्ने आधारमा मात्र सबै विल भरपाई झुठ्ठा रहेको भन्न मिलेन। प्रतिवादीले झुठ्ठा विल भरपाई सिर्जना गरी भुक्तानी लिएको दावी पुष्टि हुन सकेन ।<br><br>(आ) गाडि भाडामा लिई प्रयोग गर्दा गाडी भाडा सम्झौता नरहेको वा भाडा बुझाएको PAN/VAT विल भरपाई नरहेको भन्ने आधारमा मात्र Financial norms and standard को प्रावधान अनुरुप रहेको हदसम्म विल भरपाई झुठ्ठा रहेको भन्न मिल्ने देखिएन ।भ्रष्टाचारको प्रयोजनका लागि विल भरपाई बेरितको हुनु र झुठ्ठा हुनु अलग अलग कुरा हुन। विल भरपाईहरु रीत पूर्वकको छ वा छैन? भन्ने कुरा मूलतः | भ्रष्टाचार गरेको ठहर गरी विगो वमोजिम जरिवाना र ४(चार) महिना कैदको सजाय गरी फैसला भएको छ । उक्त फैसला निम्न लिखित आधारवाट त्रुटिपूर्ण रहेको छः<br>**(अ)**प्रभात स्टेस्नरी, मितेरी खाजा गृह, आरआर गेष्ट हाउस, होटल त्रिशुल, दिपक वुक सेन्टर, विद्यार्थी पुस्तक भण्डार, विन्दा पुस्तक भण्डार, लक्ष्मी होटल, ज्योती पुस्तक केन्द्र, सगर पुस्तक पसल, मोरङ्ग होटल, पशुपती लज एण्ड कोल्ड सेन्टरबाट जारी भएका विल भरपाईहरु झुठा रहेको भनी वादी दावी रहेकोमा उक्त पसल/होटल विधिवत दर्ता भई संचालनमा रहेको देखिन्छ। जारी भएका विलहरु तत् तत् पसल/होटलका नरही ती पसलका नाममा अन्यत्रबाट झुठ्ठा विल बनाएको भन्ने वादी दावी छैन। विल भरपाईमा रहेको हस्ताक्षरमा प्रश्न उठाईएकोमा हस्ताक्षर झुठ्ठा प्रमाणित हुन सकेको छैन।पसल र संचालकलाई प्रतिवादी नबनाएको अवस्थामा सो पसलबाट जारी भएका विल प्रयोग गर्ने व्यक्तिलाई मात्र प्रतिवादी बनाई मुद्दा दायर गरेको अवस्थामा वादी दावी खम्बिर हुन सक्ने देखिएन भनी फैसलामा प्रतिवादीलाई आरोपदावीवाट घटी सजाय गर्दा लिएको आधारको सम्वन्धमा मिसिल संलग्न सवुद प्रमाणहरुवाट हेर्दा प्रभात स्टेस्नरीका संचालक प्रकाश बम्जन, मितेरी खाजा गृहका संचालक बिर्ख वहादुर तामाङ्ग, आरआर गेष्ट हाउसका संचालक रामहरी श्रेष्ठ, होटल त्रिशुलका संचालक नारायण धिताल, दिपक वुक सेन्टरका संचालक राजेश प्रसाद जैसवाल, विद्यार्थी पुस्तक भण्डारका संचालक परिक्षण सहनी, विन्दा पुस्तक भण्डारका संचालक विन्दा साह कानू, लक्ष्मी होटलका संचालक लक्ष्मी प्रसाद, ज्योती पुस्तक केन्द्रका संचालक राजेन्द्र कुमार क्षेत्री, सगर पुस्तक पसलका संचालक पुष्पराज यादव, मोरङ्ग होटलका संचालक निर्मल पौडेल, पशुपती लज एण्ड कोल्ड सेन्टरका संचालक विनोद कुमार गुप्ताले छुट्टाछुट्टै कागज गर्दा विलमा भएको दस्तखत आफ्नो नभएको, भर्पाई वमोजिमको कारोवार झुठ्ठा हो भन्नेसमेत व्यहोराको करिव एकै मिलानको व्यहोरा देखिएकोलाई प्रमाण ऐन, २०३१ को दफा १० वमोजिम प्रमाणमा लिन नै मिल्ने देखिएकोवाट उक्त विल भर्पाईहरु झुठा भएको पुष्टि भएकोवाट पसल र संचालकलाई प्रतिवादी वनाई राख्नु पर्ने अवस्था रहेको देखिदैन । विल भरपाईमा रहेको हस्ताक्षरमा प्रश्न उठाईएकोमा हस्ताक्षर सही हो, विल सक्कल हो भनी प्रमाण पेश गर्ने दायित्व प्रमाण ऐन, २०३१ को दफा २७ वमोजिम प्रतिवादीको हुने देखिएकोमा प्रतिवादीले प्रमाण पेश गरेको देखिदैन।<br>**(आ)**अनुसन्धानका क्रममा कागज गर्ने शेख सफिद अहमद, विरेन्द्र महतो, प्रकाश वम्जन, विर्ख बहादुर तामाङ, रामहरी श्रेष्ठ, नारायण धिताल, गान्धी प्रसाद जयसवाल, आश नारायण साह, राजेश प्रसाद जैसवाल, परिक्षण सहनी, विन्दा साह कानु, लक्ष्मी प्रसाद, राजेन्द्र कुमार क्षेत्री, पुष्पराज यादव, निर्मल पौडेल, विनोद कुमार गुप्ताले अनुसन्धानको क्रममा आफ्ना पसल/गाडिका विल भरपाईहरु झुठा हुन भनी कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई वकपत्र गरेको अवस्था नहुदा प्रमाण ऐन, २०३१ को दफा १८ वमोजिम प्रमाणमा लिन मिल्ने देखिएन भनी फैसलामा आधार लिएको सम्वन्धमा हेर्दा प्रस्तुत मुद्दामा अनुसन्धानका क्रममा कागज गर्ने शेख सफिद अहमद, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ अनुसार थप सजायँ हुन समेत मागदावी लिईएको।<br><br>**<u>लेखा अधिकृत दिलिप राज जोशीका हकमाः</u>**<br><br>प्रतिवादी दिलिप राज जोशीले कार्य प्रबन्धकहरुले पेश गरेका विल भरपाईहरु कानुन बमोजिम भए नभएको र वास्तविक एवं सही सत्य भए नभएको भन्ने कुरा चेकजाँच, जाँचबुझ एवं परीक्षण समेत नगरी नगराई कार्यप्रबन्धकहरु, लेखा सहायक, वित्त तथा प्रशासन प्रमुख एवं कार्यकारी निर्देशक समेतसँग सरसल्लाह र मिलेमतो गरी झुट्ठा विल भरपाईका आधारमा पेश्की फछ्यौंटका लागि गोश्वारा भौचर तयार गरेको र सहिछाप समेत गरी रकम भुक्तानी गरे गराई बदनियत साथ कार्य प्रवन्धकहरु समेतसँग मिलेमतो गरी आफु समेतलाई गैरकानुनी लाभ पुऱ्याउने गरिबी निवारण कोषलाई गैरकानुनी हानी नोक्सानी पुऱ्याउने कार्य गरी गराई पेश्की फछ्यौंटका लागि गोश्वारा भौचर तयार गरी आफैले सहीछाप गरी कार्यकारी निर्देशकबाट समेत सहिछाप गराई रकम भुक्तानी गरे गराएको देखिएको आ.व.०६६।०६७ मा रु.५,१५,७३७।- र आ.व.०६७।०६८ मा रु.४,३३,९०९।- समेत गरी २ (दुई) आर्थिक वर्षको अवधिको जम्मा विगो रु.९,४९,६४६।- (नौ लाख उनान्चास | लेखापरीक्षणको विषयभित्र पर्ने देखिन्छ। PAN/VAT विल भरपाई नरहेको आधारमा मात्र दावीका विल भरपाई झुट्ठा रहेको भन्न मिलेन। प्रयोग भएका गाडि कुनै पनि जिल्लाको यातायात कार्यालयमा विधिवत दर्ता भई संचालनमा रहेको अवस्थामा सरुवा सहमति भई अन्य कुनै जिल्लामा दर्ता रहेको भन्ने आधारमा मात्र त्यस्ता गाडिको भाडा विल भरपाई झुट्ठा रहेको भन्न मिलेन। वादी दावी पुग्न नससी प्रतिवादी सुमिता मल्लले आरोपित कसूरबाट सफाई पाउने देखिन्छ।<br>**<u>(झ)प्रतिवादी सतिश चौधरीका हकमा</u>**<br>**(अ)** यी प्रतिवादीउपर झुट्ठा विल भरपाई बनाएको भन्ने वादी दावी नभई झुट्ठा विल भरपाईका आधारमा पेश्की फछ्यौंटका लागि गोश्वारा भौचर उठाएको भन्ने वादी दावी रहेको देखिन्छ। गरीवी निवारण कोषको Operational Manual अनुसार कार्य प्रबन्धकले पेश गरेका विल भरपाईको सत्यापन गर्ने सम्मको जिम्मेवारी यी प्रतिवादीमा रहेको भन्ने देखिँदैन। कार्य प्रबन्धकहरुले विल भरपाई सही सत्य भएको घोषणा गरी पेश्की फछ्यौंटका लागि पेश गरेको अवस्थामा यी प्रतिवादीले सो बिल भरपाईमा प्रश्न उठाउने सक्ने देखिदैन र स्वघोषणा गर्ने कार्य प्रबन्धक उपर नै सोको दायित्व रहने देखिन्छ। यी प्रतिवादीको कार्य जिम्मेवरीमा कार्यालयमा पेश भएको विल भरपाई र भरिएको फारमको विवरण हेरी एकाउण्टिङ सफ्टवेयरमा डाटा इन्ट्री गरी एकाउण्टमा राख्ने र पिन्ट गरी गोश्वारा भौचरलाई पेश्की फछ्यौंटको प्रकृया अघि बढाउने भन्ने देखिन्छ। यी प्रतिवादीले आफ्नो कार्य जिम्मेवारी बमोजिम कार्यहरु गरेको देखिन्छ।<br>**(आ)** कुनै झुट्ठा विल सही सद्दे हो भनी रुपान्तरण गरेको हो वा होइन भनी यकिन गर्ने | विरेन्द्र महतो, प्रकाश वम्जन, विर्ख बहादुर तामाङ, रामहरी श्रेष्ठ, नारायण धिताल, गान्धी प्रसाद जयसवाल, आश नारायण साह, राजेश प्रसाद जैसवाल, परिक्षण सहनी, विन्दा साह कानु, लक्ष्मी प्रसाद, राजेन्द्र कुमार क्षेत्री, पुष्पराज यादव, निर्मल पौडेल, विनोद कुमार गुप्तासमेतलाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिदा समेत सो कार्यविधी कानून तर्फ प्रवेश नगरी प्रतिवादीलाई कसुर सजायवाट उन्मुक्ती दिन हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानून व्यवस्थाको प्रतिकुल रहि फैसला त्रुटि पूर्ण भई बदर भागी छ ।<br>**(इ)**माथी विभिन्न प्रकरणमा गरिएको विश्लेशण वमोजिम गाडि भाडामा लिई प्रयोग गर्दा गाडी भाडा सम्झौता नरहेको वा भाडा वुझाएको PAN/VAT विल भरपाई नरहेको भन्ने आधारमा मात्र Financial norms and standard को प्रावधान अनुरुप रहेको हदसम्म विल भरपाई झुट्ठा रहेको भन्न मिल्ने देखिएन ।भ्रष्टाचारको प्रयोजनका लागि विल भरपाई बेरितको हुनु र झुट्ठा हुनु अलग अलग कुरा हुन। विल भरपाईहरु रीतपूर्वकको छ वा छैन? भन्ने कुरा मूलतः लेखापरीक्षणको विषयभित्र पर्ने देखिन्छ। PAN/VAT विल भरपाई नरहेको आधारमा मात्र दावीका विल भरपाई झुट्ठा रहेको भन्न मिलेन। प्रयोग भएका गाडि कुनै पनि जिल्लाको यातायात कार्यालयमा विधिवत दर्ता भई संचालनमा रहेको अवस्थामा सरुवा सहमति भई अन्य कुनै जिल्लामा दर्ता रहेको भन्ने आधारमा मात्र त्यस्ता गाडिको भाडा विल भरपाई झुट्ठा रहेको भन्न मिलेन। प्राईभेट गाडि पनि कुनै विशेष अवस्थामा भाडामा लिई प्रयोग गर्ने व्यावहारिक चलन रहेको अवस्थामा गाडि प्राईभेट रहेको भन्ने आधारमा मात्र गाडिको विल भरपाई झुट्ठा रहेको भन्न मिलेन भनि आधार लिएको सम्वन्धमा हेर्दा Transportation Norms and Guidelines को Vehicle Hiring को बुदा नं.६ मा प्रत्येक कर्मचारीले संभव भएसम्म दर्तावाला गाडी सेवाबाट गाडी भाडामा लिनुपर्ने, सद्दे विल (Genuine Bill invoice) पेश गर्नुपर्ने तथा भरपाई (अनुसूची बमोजिमको) पेश गर्नुपर्ने अनिवार्यता उल्लेख गरेको पाइन्छ। यसैगरी अनुगमन कार्यका लागि गाडि भाडामा लिदा दर्तावाला गाडिसेवा (Registered vehicle operator) बाट लिनुपर्ने अनिवार्यता गरेको देखिन्छ।साथै सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ८(१) मा "निज सवारी यातायात सेवाको लागी प्रयोग गर्न पाइने छैन" भनी स्पष्ट तथा वाध्त्मक कानूनी व्यवस्था रहेको अवस्थामा सोको समेत प्रतिकुल हुने गरी प्राईभेट गाडि पनि कुनै विशेष अवस्थामा भाडामा लिई प्रयोग गर्ने व्यावहारिक चलन रहेको अवस्थामा गाडि प्राईभेट रहेको भन्ने आधारमा मात्र गाडिको विल भरपाई झुट्ठा रहेको भन्न मिलेन भनि व्याख्या गरी भएको फैसला कानूनी व्याख्याको रोहमा त्रुटी पूर्ण भई वदर भागि छ।<br>**(ई)**यसैगरी अनुसन्धानका क्रममा गाडि चालकले विल भरपाई झुट्ठा रहेको भनी गरेको कागज साक्षीको रुपमा अदालतमा उपस्थित उपस्थित भई वकपत्र गरेको अवस्था नहुदा प्रमाण ऐन, २०३१ को दफा १८ वमोजिम प्रमाणमा लिन मिल्ने देखिएन भनी आधार लिएको सम्वन्धमा हेर्दा निज गाडि चालकलाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिदा समेत सो कार्यविधी कानून तर्फ प्रवेश नगरी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | हजार छ सय छयालिस रुँपया) गरिबी निवारण कोषलाई गैर कानूनी हानी नोक्सानी गरे गराएको पुष्टी हुन आई प्रतिवादी दिलिप राज जोशीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा ८(१) को देहाय (ङ) को कसुर गरेको देखिएकोले बिगो रु. ९,४९,६४६।- (नौ लाख उनान्चास हजार छ सय छयालिस रुँपया) कायम गरी प्रतिवादी दिलिप राज जोशीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) अनुसार कसुरको मात्रा अनुसार कैद सजाय, विगो बमोजिम जरिवाना हुन र निज दिलिप राज जोशीबाट बिगो रु.९,४९,६४६।- (नौ लाख उनान्चास हजार छ सय छयालिस रुँपया) समेत असुल उपर गरी गरिबी निवारण कोषलाई दिलाई भराई पाउन मागदावी लिई **विशेष अदालत, काठमाडौं समक्ष आरोपपत्र दायर गरिएको** | जिम्मेवारी यी प्रतिवादीमा छैन। कुनै विलमा नक्कली सही गरेको वा फर्जी विल तयार गरेको, दर्ता नै नभएको गाडीको भुक्तानी गरी विल बनाएको, हस्ताक्षर झुठ्ठा रहेको यकिन गर्ने जिम्मेवारी यी प्रतिवादी रहेको देखिएन। लेखा परीक्षक समेतले उक्त विल भरपाई अस्वीकार गर्न नसकेको बास्तविकता यस मुद्दामा रहेको देखिन्छ। पेश भएका विल भरपाईको सत्यापन (confrmation) गर्ने जिम्मेवारी नरहेको अवस्थामा सहायक स्तरका यी प्रतिवादीले पेश्की फछ्र्यौटको प्रकृया अघि बढाएको आधारमा मात्र वादी दावीको कसूर गरेको भन्न मिल्ने देखिएन। वादी दावी पुग्न नसकी प्रतिवादी सतिश चौधरीले आरोपित कसूरबाट सफाई पाउने देखिन्छ।<br>(ञ)प्रतिवादी दिलिपराज जोशीका हकमा<br>**(अ)** यी प्रतिवादीउपर झुठ्ठा विल भरपाई बनाएको भन्ने वादी दावी नभई झुठ्ठा विल भरपाईका आधारमा पेश्की फछ्र्यौटका लागि गोश्वारा भौचर उठाएको भन्ने वादी दावी रहेको देखिन्छ। गरीवी निवारण कोषको Operational Manual अनुसार कार्य प्रबन्धकले पेश गरेका विल भरपाईको सत्यापन गर्ने सम्मको जिम्मेवारी यी प्रतिवादीमा रहेको भन्ने देखिदैन। कार्य प्रबन्धकहरुले विल भरपाई सही सत्य भएको घोषणा गरी पेश्की फछ्र्यौटका लागि पेश गरेको अवस्थामा यी प्रतिवादीले सो बिल भरपाईमा प्रश्न उठाउन सक्ने देखिदैन र स्वघोषणा गर्ने कार्य प्रबन्धक उपर नै सोको दायित्व रहने देखिन्छ। यी प्रतिवादीको कार्य जिम्मेवरीमा कार्यालयमा पेश भएको विल भरपाई र भरिएको फारमको विवरण हेरी एकाउण्टिङ सफ्टवेयरमा डाटा इन्ट्री गरी एकाउण्टमा राख्ने र पिन्ट गरी गोश्वारा भौचरलाई पेश्की फछ्र्यौटको प्रकृया अघि बढाउने भन्ने देखिन्छ। यी प्रतिवादीले आफ्नो कार्य जिम्मेवारी बमोजिम कार्यहरु गरेको | प्रतिवादीलाई कसुर सजायवाट उन्मुक्ती दिन हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानून व्यवस्थाको प्रतिकुल रहि फैसला त्रुटि पूर्ण भई बदर भागी छ ।<br>**(च२)प्रतिवादी झरेन्द्र बहादुर सिंहका हकमाः**<br>निज प्रतिवादी उपर विगो रु.१७,०२,५७२।— रकम गैरकानूनी हानीनोक्सानी पुर्याएको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ङ) को कसुरमा दफा ८(१) को सजायको मागदावी लिइएकोमा विशेष अदालतवाट विगो रु.४०,५००।—रकम मात्र भ्रष्टाचार गरेको ठहर गरी विगो वमोजिम जरिवाना र ४(चार) महिना कैदको सजाय गरी फैसला भएको छ । उक्त फैसला निम्न लिखित आधारवाट त्रुटिपूर्ण रहेको छ ।<br>**(अ)**अनुसन्धानका क्रममा कागज गर्ने जुजीविष्ट होटल एण्ड लज, चैनपुर, बझाङ्गबाट जारी भएका विल भरपाईहरु झुठा रहेको भनी संचालक अमरराज विष्टले अनुसन्धानका क्रममा कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई सोमा भएको सहिछाप मेरो हो। मेरो होटलबाट जारी भएको हो भनी अदालत समक्ष बकपत्र गरेको देखिएको भनी आधार लिई भएको प्रस्तुत फैसलाको सम्वन्धमा "अनुसन्धान अधिकारीसमक्ष कागज गर्ने व्यक्तिहरूले पहिला आफूले भनेको भनाइको विपरीत हुनेगरी गरेको वकपत्रको आधारमा मात्र प्रतिवादीलाई सफाइ दिदै जाने हो भने पीडित तथा अन्य व्यक्तिउपर अनुचित प्रभाव पार्न सक्ने र अपराधीहरूले कहिल्यै पनि सजाय पाउने अवस्था नआई दण्डहीनताको स्थिति सिर्जना भइ अन्ततः समाज नै अराजकतातर्फ जाने" (ने.का.प.२०६६, नि.न.८१७९, अंक ६)भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिरको प्रतिकुल हुने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।<br>**(आ)** Transportation Norms and Guidelines को Vehicle Hiring को बुदा नं.६ मा प्रत्येक कर्मचारीले संभव भएसम्म दर्तावाला गाडी सेवाबाट गाडी भाडामा लिनुपर्ने, सद्दे विल (Genuine Bill invoice) पेश गर्नुपर्ने तथा भरपाई (अनुसूची बमोजिमको) पेश गर्नुपर्ने अनिवार्यता उल्लेख गरेको पाइन्छ। यसैगरी अनुगमन कार्यका लागि गाडि भाडामा लिदा दर्तावाला गाडिसेवा (Registered vehicle operator) बाट लिनुपर्ने अनिवार्यता गरेको देखिन्छ। सोको प्रतिकुल हुने गरी गाडि भाडामा लिई प्रयोग गर्दा गाडी भाडा सम्झौता नरहेको वा भाडा वुझाएको PAN/VAT विल भरपाई नरहेको भन्ने आधारमा मात्र Financial norms and standard को प्रावधान अनुरुप रहेको हदसम्म विल भरपाई झुठ्ठा रहेको भन्न मिल्ने देखिएन भनी आधार लिई भएको फैसला कानूनी व्याख्याको रोहमा त्रुटी पूर्ण भई वदर भागि छ ।<br>**(इ)** यसैगरी अनुसन्धानका क्रममा गाडि चालकले विल भरपाई झुठ्ठा रहेको भनी गरेको कागज साक्षीको रुपमा अदालतमा उपस्थित उपस्थित भई वकपत्र गरेको अवस्था नहुदा प्रमाण ऐन, २०३१ को दफा १८ वमोजिम प्रमाणमा लिन मिल्ने देखिएन भनी आधार लिएको सम्वन्धमा हेर्दा निज गाडि चालकलाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | देखिन्छ।<br><br>**(आ)** कुनै झुठ्ठा विल सही सद्दे हो भनी रुपान्तरण गरेको हो वा होइन भनी यकिन गर्ने जिम्मेवारी यी प्रतिवादीमा छैन। कुनै विलमा नक्कली सही गरेको वा फर्जी विल तयार गरेको, दर्ता नै नभएको गाडीको भुक्तानी गरी विल बनाएको, हस्ताक्षर झुठ्ठा रहेको यकिन गर्ने जिम्मेवारी यी प्रतिवादी रहेको देखिएन। लेखा परीक्षक समेतले उक्त विल भरपाई अस्वीकार गर्न नसकेको बास्तविकता यस मुद्दामा रहेको देखिन्छ। पेश भएका विल भरपाईको सत्यापन (confirmation) गर्ने जिम्मेवारी नरहेको अवस्थामा यी प्रतिवादीले पेश्की फछ्र्यौटको प्रकृया अघि बढाएको आधारमा मात्र वादी दावीको कसूर गरेको भन्न मिल्ने देखिएन। वादी दावी पुग्न नसकी प्रतिवादी दिलिपराज जोशीले आरोपित कसूरबाट सफाई पाउने देखिन्छ।<br>**(ट)प्रतिवादी मनोज चिपालुका हकमा**<br>**(अ)** यी प्रतिवादीउपर झुठ्ठा विल भरपाई बनाएको भन्ने वादी दावी नभई झुठ्ठा विल भरपाईका आधारमा पेश्की फछ्र्यौटका लागि गोश्वारा भौचरहरु सदर समेत गरेको भन्ने वादी दावी रहेको देखिन्छ। गरीवी निवारण कोषको Operational Manual अनुसार कार्य प्रबन्धकले पेश गरेका विल भरपाईको सत्यापन गर्ने सम्मको जिम्मेवारी यी प्रतिवादीमा रहेको भन्ने देखिदैन। कार्य प्रबन्धकहरुले विल भरपाई सही सत्य भएको घोषणा गरी पेश्की फछ्र्यौटका लागि पेश गरेको अवस्थामा स्वघोषणा गर्ने कार्य प्रबन्धक उपर नै सोको दायित्व रहने देखिन्छ। यी प्रतिवादीले कार्यालयमा पेश भएको विल भरपाई र भौचर हेरी कार्य प्रबन्धकहरुले पेश गरेका विल भरपाईहरु financial norms and guidelines, operation manual बमोजिम भए | को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिदा समेत सो कार्यविधी कानून तर्फ प्रवेश नगरी प्रतिवादीलाई कसुर सजायवाट उन्मुक्ती दिन हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानून व्यवस्थाको प्रतिकुल रहि फैसला त्रुटि पूर्ण भई बदर भागी छ ।।<br>**(ई)** अनुसन्धानका क्रममा को१ज ८०५ नं का भरपाई कागज झुठा र नक्कली हो भन्ने व्यहोरा खुलाई सो सवारी साधनका चालक रण बहादुर विश्वकर्माले कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई वकपत्र गरेको अवस्था नहुदा प्रमाण ऐन, २०३१ को दफा १८ वमोजिम प्रमाणमा लिन मिल्ने देखिएन भनी आधारलिएको सम्वन्धमा हेर्दा निज गाडि चालकलाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिदा समेत सो कार्यविधी कानून तर्फ प्रवेश नगरी प्रतिवादीलाई कसुर सजायवाट उन्मुक्ती दिन हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानून व्यवस्थाको प्रतिकुल रहि फैसला त्रुटि पूर्ण भई बदर भागी छ ।<br>**(च३)प्रतिवादी निरक बहादुर सुनारका हकमाः**<br>निज प्रतिवादी उपर विगो रु.१७,२५,८७९।— रकम गैरकानूनी हानीनोक्सानी पुर्याएको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ङ) को कसुरमा दफा ८(१) को सजायको मागदावी लिइएकोमा विशेष अदालतवाट विगो रु.८०००।—रकम मात्र भ्रष्टाचार गरेको ठहर गरी विगो वमोजिम जरिवाना र ३(तिन) महिना कैदको सजाय गरी फैसला भएको छ । उक्त फैसला निम्न लिखित आधारवाट त्रुटिपूर्ण रहेको छ ।<br>**(अ)** अनुसन्धानका क्रममा से१ज २५३ नं. को सवारी साधन र लु १ च ३१०९ नं. को सवारी साधनका भरपाई कागज झुठा र नक्कली हो भन्ने व्यहोरा खुलाई सो सवारी साधनका चालक शेर बहादुर भण्डारीले कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई वकपत्र गरेको अवस्था नहुदा प्रमाण ऐन, २०३१ को दफा १८ वमोजिम प्रमाणमा लिन मिल्ने देखिएन भनी आधार लिएको सम्वन्धमा हेर्दा निज गाडि चालकलाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिदा समेत सो कार्यविधी कानून तर्फ प्रवेश नगरी प्रतिवादीलाई कसुर सजायवाट उन्मुक्ती दिन हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानून व्यवस्थाको प्रतिकुल रहि फैसला त्रुटि पूर्ण भई बदर भागी छ।<br><br>**(आ)** Transportation Norms and Guidelines को Vehicle Hiring को बुदा नं.६ मा प्रत्येक कर्मचारीले संभव भएसम्म दर्तावाला गाडी सेवाबाट गाडी भाडामा लिनुपर्ने, सद्दे विल (Genuine Bill invoice) पेश गर्नुपर्ने तथा भरपाई (अनुसूची बमोजिमको) पेश गर्नुपर्ने अनिवार्यता उल्लेख गरेको पाइन्छ। यसैगरी अनुगमन कार्यका लागि गाडि भाडामा लिदा दर्तावाला गाडिसेवा (Registered vehicle operator) बाट लिनुपर्ने अनिवार्यता गरेको देखिन्छ। सोको प्रतिकुल हुने गरी गाडि भाडामा लिई प्रयोग गर्दा गाडी भाडा सम्झौता |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | नभएको भन्ने चेकजाँच गरी गराई पेश्की फछ्र्यौटका लागि गोश्वारा भौचर रुजु (चेक) एवं केही गोश्वारा भौचरहरु सदर गरेको भन्ने देखिन्छ। यी प्रतिवादीले आफ्नो कार्य जिम्मेवारी बमोजिम कार्यहरु गरेको देखिन्छ।<br>**(आ)**कुनै झुठ्ठा विल सही सद्दे हो भनी रुपान्तरण गरेको हो वा होइन भनी कानूनी निष्कर्ष (Legal determination) दिने जिम्मेवारी यी प्रतिवादीमा छैन। कुनै विलमा नक्कली सही गरेको वा फर्जी विल तयार गरेको, दर्ता नै नभएको गाडीको भुक्तानी गरी विल बनाएको, हस्ताक्षर झुठ्ठा रहेको यकिन गर्ने जिम्मेवारी यी प्रतिवादी रहेको देखिएन। लेखा परीक्षक समेतले उक्त विल भरपाई अस्वीकार गर्न नसकेको बास्तविकता यस मुद्दामा रहेको देखिन्छ।यी प्रतिवादीले झुठ्ठा विल सद्देमा रुपान्तरण गरी पेश्की फछ्र्यौट गर्ने सहमति (Meeting of mind), त्रुटीपूर्ण कार्य (error of law) र बदनियत (*malafide* intention) समेत पुष्टि हुन नसकेकोले प्रतिवादीहरुले एक आपसमा मिलोमतो गरी झुठ्ठा विलको आधारमा पेश्की फछ्र्यौट गरेको देखिएन। आरोप दावीको कसूरमा यी प्रतिवादी सहभागी (Participation) रहेको भन्न देखिएन। मिलोमतोको दावी लिएर मात्र पुग्दैन, प्रमाणले पुष्टि गर्नुपर्छ। कानूनले निर्धारित गरेको कार्य प्रणाली बमोजिम कार्य गर्ने क्रममा कुनै कार्यगत सम्बन्ध (Working relation) रहेको देखिएकोलाई मिलोमतो गरेको भन्न मिल्ने हुँदैन। पेश भएका विल भरपाईको सत्यापन (confirmation) गर्ने जिम्मेवारी नरहेको अवस्थामा यी प्रतिवादीले गोश्वारा भौचरहरु सदर गरेको आधारमा मात्र वादी दावीको कसूर गरेको भन्न मिल्ने देखिएन। वादी दावी पुग्न नसकी प्रतिवादी मनोज चिपालुले आरोपित कसूरबाट सफाई पाउने देखिन्छ।<br>**(ठ)प्रतिवादी राजबाबु श्रेष्ठका हकमा** | नरहेको वा भाडा वुझाएको PAN/VAT विल भरपाई नरहेको भन्ने आधारमा मात्र Financial norms and standard को प्रावधान अनुरुप रहेको हदसम्म विल भरपाई झुठ्ठा रहेको भन्न मिल्ने देखिएन भनी आधार लिई भएको फैसला कानूनी व्याख्याको रोहमा त्रुटी पूर्ण भई वदर भागि छ ।<br>**(च४)प्रतिवादी रविन्द्र कुमार सुवालका हकमाः**<br>निज प्रतिवादी उपर विगो रु.११,०४,९९७।— रकम गैरकानूनी हानीनोक्सानी पुर्याएको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ङ) को कसुरमा दफा ८(१) को सजायको मागदावी लिइएकोमा विशेष अदालतवाट विगो रु.२१,०००।—रकम मात्र भ्रष्टाचार गरेको ठहर गरी विगो वमोजिम जरिवाना र ३(तिन) महिना कैदको सजाय गरी फैसला भएको छ । उक्त फैसला निम्न लिखित आधारवाट त्रुटिपूर्ण रहेको छ ।<br>**(अ)** अनुसन्धानका क्रममा कागज गर्ने श्रेष्ठ होटल एण्ड लज, खोटाङ्गका प्रोपाइटर केशव कुमार श्रेष्ठले श्रेष्ठ होटल एण्ड लज, खोटाङ्गबाट गरिवी निवारण कोष काठमाडौका नाममा जारी भएका विलहरु झुठा रहेको भनी अनुसन्धानका क्रममा कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई त्यसमा भएको सही छाप मेरो आफ्नो हो। भुक्तानी भएको विल सही छ भनी अदालत समक्ष बकपत्र गरेको देखिएको छ।अनुसन्धानका क्रममा कागज गर्ने संचालक सुरेश कुमार क्याप्छाकी मगरले न्यू माछापुच्छ्रे होटल एण्ड लज, कटारीबाट गरिवी निवारण कोष काठमाडौका नाममा जारी भएको विलहरु झुठा रहेको भनी अनुसन्धानका क्रममा कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई वहाँसँग कारोबार भएको हो। भुक्तानी भएको विल सही छ भनी अदालत समक्ष बकपत्र गरेको देखिएको छ भनी अदालत समक्ष बकपत्र गरेको देखिएको भनी आधार लिई भएको प्रस्तुत फैसलाको सम्वन्धमा "अनुसन्धान अधिकारीसमक्ष कागज गर्ने व्यक्तिहरूले पहिला आफूले भनेको भनाइको विपरीत हुनेगरी गरेको वकपत्रको आधारमा मात्र प्रतिवादीलाई सफाइ दिदै जाने हो भने पीडित तथा अन्य व्यक्तिउपर अनुचित प्रभाव पार्न सक्ने र अपराधीहरूले कहिल्यै पनि सजाय पाउने अवस्था नआई दण्डहीनताको स्थिति सिर्जना भइ अन्ततः समाज नै अराजकतातर्फ जाने" ( ने.का.प.२०६६, नि.न.८१७९, अंक ६)भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिरको प्रतिकुल हुने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।<br>**(इ)** बा८च ७६३९ नं को सवारी साधनका चालक कौसल दाहालले गरिवी निवारण कोषका रविन्द्र सुवाललाई म चिन्दिन । निजले पेश गरेका भरपाईमा भएका दस्तखत मेरो होइन भन्ने व्यहोराको कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई वकपत्र गरेको अवस्था नहुदा प्रमाण ऐन, २०३१ को दफा १८ वमोजिम प्रमाणमा लिन मिल्ने देखिएन भनी आधार लिएको सम्वन्धमा हेर्दा निज गाडि चालकलाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिदा समेत सो कार्यविधी कानून तर्फ प्रवेश नगरी प्रतिवादीलाई कसुर सजायवाट उन्मुक्ती दिन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | (अ)यी प्रतिवादीउपर झुठ्ठा विल भरपाई बनाएको भन्ने वादी दावी नभई झुठ्ठा विल भरपाईका आधारमा पेश्की फछ्यौंटका लागि तयार एवं पेश भएका गोश्वारा भौचरहरु सदर गरी भुक्तानी गरे गराएको भन्ने वादी दावी रहेको देखिन्छ। देखिन्छ। गरीवी निवारण कोषको Operational Manual अनुसार कार्य प्रबन्धकले पेश गरेका विल भरपाईको सत्यापन गर्ने सम्मको जिम्मेवारी यी प्रतिवादीमा रहेको भन्ने देखिंदैन। कार्य प्रबन्धकहरुले विल भरपाई सही सत्य भएको घोषणा गरी पेश्की फछ्यौंटका लागि पेश गरेको अवस्थामा स्वघोषणा गर्ने कार्य प्रबन्धक उपर नै सोको दायित्व रहने देखिन्छ। यी प्रतिवादीले कार्यालयमा पेश भएको विल भरपाई र भौचर हेरी कार्य प्रबन्धकहरुले पेश गरेका विल भरपाईहरु financial norms and guidelines बमोजिम भए नभएको भन्ने चेकजाँच गरी गराई पेश्की फछ्यौंटका लागि पेश भएका गोश्वारा भौचरहरु सदर गरी भुक्तानी गरे गराएको भन्ने देखिन्छ। यी प्रतिवादीले आफ्नो कार्य जिम्मेवारी बमोजिम कार्यहरु गरेको देखिन्छ। यी प्रतिवादीले झुठ्ठा विल सद्देमा रुपान्तरण गरी पेश्की फछ्यौंट गर्ने सहमति (Meeting of mind), त्रुटीपूर्ण कार्य (error of law) र बदनियत (*malafide* intention) समेत पुष्टि हुन नसकेकोले प्रतिवादीहरुले एक आपसमा मिलोमतो गरी झुठ्ठा विलको आधारमा पेश्की फछ्यौंट गरेको देखिएन। आरोप दावीको कसूरमा यी प्रतिवादी सहभागी (Participation) रहेको भन्ने देखिएन। मिलोमतोको दावी लिएर मात्र पुग्दैन, प्रमाणले पुष्टि गर्नुपर्छ। कानूनले निर्धारित गरेको कार्य प्रणाली बमोजिम कार्य गर्ने क्रममा कुनै कार्यगत सम्बन्ध (Working relation) रहेको देखिएकोलाई मिलोमतो गरेको भन्न मिल्ने | हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानून व्यवस्थाको प्रतिकुल रहि फैसला त्रुटि पूर्ण भई बदर भागी छ।<br>**(ई)** Transportation Norms and Guidelines को Vehicle Hiring को बुदा नं.६ मा प्रत्येक कर्मचारीले संभव भएसम्म दर्तावाला गाडी सेवाबाट गाडी भाडामा लिनुपर्ने, सद्दे विल (Genuine Bill invoice) पेश गर्नुपर्ने तथा भरपाई (अनुसूची बमोजिमको) पेश गर्नुपर्ने अनिवार्यता उल्लेख गरेको पाइन्छ। यसैगरी अनुगमन कार्यका लागि गाडि भाडामा लिदा दर्तावाला गाडिसेवा (Registered vehicle operator) बाट लिनुपर्ने अनिवार्यता गरेको देखिन्छ। सोको प्रतिकुल हुने गरी गाडि भाडामा लिई प्रयोग गर्दा गाडी भाडा सम्झौता नरहेको वा भाडा वुझाएको PAN/VAT विल भरपाई नरहेको भन्ने आधारमा मात्र Financial norms and standard को प्रावधान अनुरुप रहेको हदसम्म विल भरपाई झुठ्ठा रहेको भन्न मिल्ने देखिएन भनी आधार लिई भएको फैसला कानूनी व्याख्याको रोहमा त्रुटी पूर्ण भई वदर भागि छ ।<br>**<u>(च५)प्रतिवादी रमेश लामाका हकमा:</u>**<br>निज प्रतिवादी उपर विगो रु.१३,६७,३७१।— रकम गैरकानूनी हानीनोक्सानी पुर्याएको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ङ) को कसुरमा दफा ८(१) को सजायको मागदावी लिइएकोमा विशेष अदालतवाट विगो रु.१३,७००।—रकम मात्र भ्रष्टाचार गरेको ठहर गरी विगो वमोजिम जरिवाना र ३(तिन) महिना कैदको सजाय गरी फैसला भएको छ । उक्त फैसला निम्न लिखित आधारवाट त्रुटिपूर्ण रहेको छ ।<br>**(अ)** सो सम्बन्धमा विचार गर्दा, अनुसन्धानका क्रममा कागज गर्ने होटल माउण्ट पुथा, जुफाल डोल्पाबाट गरिवी निवारण कोष काठमाडौका नाममा जारी भएको विल झुठो हो भन्ने समेत व्यहोराको अनुसन्धानका क्रममा कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई विलमा भएको सहि छाप मेरे हो भनी अदालत समक्ष बकपत्र गरेको देखिएको छ भनी अदालत समक्ष बकपत्र गरेको देखिएको भनी आधार लिई भएको प्रस्तुत फैसलाको सम्वन्धमा "अनुसन्धान अधिकारीसमक्ष कागज गर्ने व्यक्तिहरूले पहिला आफूले भनेको भनाइको विपरीत हुनेगरी गरेको वकपत्रको आधारमा मात्र प्रतिवादीलाई सफाइ दिदै जाने हो भने पीडित तथा अन्य व्यक्तिउपर अनुचित प्रभाव पार्न सक्ने र अपराधीहरूले कहिल्यै पनि सजाय पाउने अवस्था नआई दण्डहीनताको स्थिति सिर्जना भइ अन्ततः समाज नै अराजकतातर्फ जाने" ( ने.का.प.२०६६, नि.न.८१७९, अंक ६)भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिरको प्रतिकुल हुने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।<br>**(आ)** पला गेष्टहाउस, दुनैबाट गरिवी निवारण कोष काठमाडौका नाममा जारी भएको विल नं १४५ को विल देखाउँदा देखि पाएँ ।उक्त बिलमा भएको दस्तखत र विवरण मैले लेखेको होइन, विलमा भएको पान नं यस पला गेष्टहाउसको होइन भन्ने समेत व्यहोराको संचालक पंच बहादुर बुढाले कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | हुँदैन।<br><br>**(आ)**कुनै झुठ्ठा विल सही सद्दे हो भनी रुपान्तरण गरेको हो वा होइन भनी कानूनी निष्कर्ष (Legal determination) दिने जिम्मेवारी यी प्रतिवादीमा छैन। कुनै विलमा नक्कली सही गरेको वा फर्जी विल तयार गरेको, दर्ता नै नभएको गाडीको भुक्तानी गरी विल बनाएको, हस्ताक्षर झुठ्ठा रहेको कानूनी निष्कर्ष (Legal determination) दिने जिम्मेवारी यी प्रतिवादीमा रहेको देखिएन। लेखा परीक्षक समेतले उक्त विल भरपाई अस्वीकार गर्न नसकेको बास्तविकता यस मुद्दामा रहेको देखिन्छ। यी प्रतिवादीले पेश भएका गोश्वारा भौचरहरु सदर गरी भुक्तानी गरे गराएको आधारमा मात्र वादी दावीको कसूर गरेको भन्न मिल्ने देखिएन।<br><br>**(इ)**कार्य प्रबन्धकको जिम्मेवारीमा रहेका प्रतिवादीहरुको कसूरको दायित्व पेश्की फछ्यौंटको जम्मेवारीमा रहेका यी प्रतिवादी राजबावु श्रेष्ठमा पनि सर्छ भन्ने मूल बादी दावी रहेको देखिन्छ। कर्मचारीको गल्तीको जिम्मेवारी रोजगारदाताले लिनुपर्छ (*Respondeat superior*) भन्ने सिद्धान्त दुष्कृतिमा आकर्षित हुन्छ, फौजदारी कसूरमा आकर्षित हुँदैन। झुठ्ठा विल भरपाई तयार गर्ने कसूर कार्य प्रबन्धकको कार्य क्षेत्रभन्दा बाहिरको विषय रहेको र त्यस्ता कार्यमा केन्द्रिय कार्यलयका निर्देशक राजबावु श्रेष्ठको नियन्त्रण रहन सक्ने हुँदैन। केन्द्रीय कार्यलयका कर्मचारीहरुको कार्य जिम्मेवारी कार्य प्रबन्धकको जिम्मेवारीसँग पृथक रहेको देखिन्छ। कसूर जसले गर्छ, दायित्व उसमा नै रहन्छ। फौजदारी कसूरमा सहभागी नरहेका व्यक्तिलाई दायित्व बहन गराउन मिल्दैन। यसरी कार्य प्रबन्धकको जिम्मेवारीमा रहेको | वकपत्र गरेको अवस्था नहुदा प्रमाण ऐन, २०३१ को दफा १८ वमोजिम प्रमाणमा लिन मिल्ने देखिएन भनी आधार लिएको सम्वन्धमा हेर्दा निजलाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ११२ वमोजिम बुझन सक्ने देखिदा समेत सो कार्यविधी कानून तर्फ प्रवेश नगरी प्रतिवादीलाई कसुर सजायवाट उन्मुक्ती दिन हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानून व्यवस्थाको प्रतिकुल रहि फैसला त्रुटि पूर्ण भई बदर भागी छ ।<br>**(इ)** प्रतिवादीले प्रयोग गरेको भे २प २३४१ नं. को सवारी साधन र को१च ३५३३ नं. को सवारी साधन यातायात कार्यालयमा विधिवत दर्ता भई संचालनमा रहेको अवस्थामा त्यस्ता गाडिको भाडा विल भरपाई झुठ्ठा रहेको भन्न मिलेन। प्राईभेट गाडि पनि कुनै विशेष अवस्थामा भाडामा लिई प्रयोग गर्ने व्यावहारिक चलन रहेको अवस्थामा गाडि प्राईभेट रहेको भन्ने आधारमा मात्र गाडिको विल भरपाई झुठ्ठा रहेको भन्न मिलेन भनि आधार लिएको सम्वन्धमा हेर्दा Transportation Norms and Guidelines को Vehicle Hiring को बुदा नं.६ मा प्रत्येक कर्मचारीले संभव भएसम्म दर्तावाला गाडी सेवाबाट गाडी भाडामा लिनुपर्ने, सद्दे विल (Genuine Bill invoice) पेश गर्नुपर्ने तथा भरपाई (अनुसूची बमोजिमको) पेश गर्नुपर्ने अनिवार्यता उल्लेख गरेको पाइन्छ। यसैगरी अनुगमन कार्यका लागि गाडि भाडामा लिदा दर्तावाला गाडिसेवा (Registered vehicle operator) बाट लिनुपर्ने अनिवार्यता गरेको देखिन्छ। साथै सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ८(१) मा "निज सवारी यातायात सेवाको लागी प्रयोग गर्न पाइने छैन" भनी स्पष्ट तथा वाध्त्मक कानूनी व्यवस्था रहेको अवस्थामा सोको समेत प्रतिकुल हुने गरी प्राईभेट गाडि पनि कुनै विशेष अवस्थामा भाडामा लिई प्रयोग गर्ने व्यावहारिक चलन रहेको अवस्थामा गाडि प्राईभेट रहेको भन्ने आधारमा मात्र गाडिको विल भरपाई झुठ्ठा रहेको भन्न मिलेन भनि व्याख्या गरी भएको फैसला कानूनी व्याख्याको रोहमा त्रुटी पूर्ण भई वदर भागि छ ।<br><br>**<u>(च६ )प्रतिवादी ओम प्रसाद पौडेलका हकमा:</u>**<br>निज प्रतिवादी उपर विगो रु.१८,७२,०२३।५० रकम गैरकानूनी हानीनोक्सानी पुर्याएको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ङ) को कसुरमा दफा ८(१) को सजायको मागदावी लिइएकोमा विशेष अदालतवाट विगो रु.३५,०००।—रकम मात्र भ्रष्टाचार गरेको ठहर गरी विगो वमोजिम जरिवाना र ४(चार) महिना कैदको सजाय गरी फैसला भएको छ । उक्त फैसला निम्न लिखित आधारवाट त्रुटिपूर्ण रहेको छ ।<br>**(अ)** अनुसन्धानका क्रममा कागज गर्ने **संचालक छलमाया श्रेष्ठ**ले दाजुभाइ रेष्टुरेण्ट एण्ड लज, धादिङ्गबाट गरिवी निवारण कोष काठमाडौका नाममा जारी भएका विभिन्न मितिका विलहरुमा भएका हस्ताक्षर तथा दस्तखत मेरो होइन भनी अनुसन्धानका क्रममा कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई विलमा भएको सहिछाप मेरो हो भनी अदालत समक्ष बकपत्र गरेको देखिएको छ। अनुसन्धानका क्रममा कागज गर्ने न्यू |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | केही प्रतिवादीहरुले गरेको कसूरको दायित्व सिधासिधा प्रतिवादी निर्देशक राजबाबु श्रेष्ठले पनि बहन गर्न पर्ने अवस्था देखिन आएन। वादी दावी पुग्न नसकी प्रतिवादी राजबाबु श्रेष्ठले आरोपित कसूरबाट सफाई पाउने देखिन्छ। | धादिङ रेष्ट्रेरेन्ट एण्ड पार्टी प्यालेस, धादिङ्गबाट गरिवी निवारण कोष काठमाडौका नाममा जारी भएका विलहरु झुठो हो भन्ने समेत व्यहोराको **संचालक रमेश दनै**ले अनुसन्धानका क्रममा कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई बिल भरपाई मैरै हो। दस्तखत चाहीं मेरो स्टाफको हो भनी अदालत समक्ष बकपत्र गरेको देखिएको छ भनी अदालत समक्ष बकपत्र गरेको देखिएको भनी आधार लिई भएको प्रस्तुत फैसलाको सम्वन्धमा "अनुसन्धान अधिकारीसमक्ष कागज गर्ने व्यक्तिहरूले पहिला आफूले भनेको भनाइको विपरीत हुनेगरी गरेको वकपत्रको आधारमा मात्र प्रतिवादीलाई सफाइ दिदै जाने हो भने पीडित तथा अन्य व्यक्तिउपर अनुचित प्रभाव पार्न सक्ने र अपराधीहरूले कहिल्यै पनि सजाय पाउने अवस्था नआई दण्डहीनताको स्थिति सिर्जना भइ अन्ततः समाज नै अराजकतातर्फ जाने" ( ने.का.प.२०६६, नि.न.८१७९, अंक ६)भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिरको प्रतिकुल हुने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।<br><br>**(आ)** प्रयोग भएका गाडि कुनै पनि जिल्लाको यातायात कार्यालयमा विधिवत दर्ता भई संचालनमा रहेको अवस्थामा सरुवा सहमति भई अन्य कुनै जिल्लामा दर्ता रहेको भन्ने आधारमा मात्र त्यस्ता गाडिको भाडा विल भरपाई झुठ्ठा रहेको भन्न मिलेन।यसैगरी अनुसन्धानका क्रममा गाडि चालकले विल भरपाई झुठ्ठा रहेको भनी गरेको कागज साक्षीको रुपमा अदालतमा उपस्थित उपस्थित भई वकपत्र गरेको अवस्था नहुदा प्रमाण ऐन, २०३१ को दफा १८ वमोजिम प्रमाणमा लिन मिल्ने देखिएन भनी आधार लिएको सम्वन्धमा हेर्दा निजलाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिदा समेत सो कार्यविधी कानून तर्फ प्रवेश नगरी प्रतिवादीलाई कसुर सजायवाट उन्मुक्ती दिन हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानून व्यवस्थाको प्रतिकुल रहि फैसला त्रुटि पूर्ण भई बदर भागी छ।<br>**(इ)** Transportation Norms and Guidelines को Vehicle Hiring को बुदा नं.६ मा प्रत्येक कर्मचारीले संभव भएसम्म दर्तावाला गाडी सेवाबाट गाडी भाडामा लिनुपर्ने, सद्दे विल (Genuine Bill invoice) पेश गर्नुपर्ने तथा भरपाई (अनुसूची बमोजिमको) पेश गर्नुपर्ने अनिवार्यता उल्लेख गरेको पाइन्छ। यसैगरी अनुगमन कार्यका लागि गाडि भाडामा लिदा दर्तावाला गाडिसेवा (Registered vehicle operator) बाट लिनुपर्ने अनिवार्यता गरेको देखिन्छ। सोको प्रतिकुल हुने गरी गाडि भाडामा लिई प्रयोग गर्दा गाडी भाडा सम्झौता नरहेको वा भाडा वुझाएको PAN/VAT विल भरपाई नरहेको भन्ने आधारमा मात्र Financial norms and standard को प्रावधान अनुरुप रहेको हदसम्म विल भरपाई झुठ्ठा रहेको भन्न मिल्ने देखिएन भनी आधार लिई भएको फैसला कानूनी व्याख्याको रोहमा त्रुटी पूर्ण भई वदर भागि छ ।<br>**<u>(च७)प्रतिवादी विकम कार्कीको हकमाः</u>**<br>निज प्रतिवादी उपर विगो रु.१२,००,४३८।२५ रकम गैरकानूनी हानीनोक्सानी पुर्याएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ङ) को कसुरमा दफा ८(१) को सजायको मागदावी लिइएकोमा विशेष अदालतवाट विगो रु.५६,०००।—रकम मात्र भ्रष्टाचार गरेको ठहर गरी विगो वमोजिम जरिवाना र ५(पाँच) महिना कैदको सजाय गरी फैसला भएको छ । उक्त फैसला निम्न लिखित आधारवाट त्रुटिपूर्ण रहेको छ ।<br>(अ) अनुसन्धानका क्रममा कागज गर्ने सिन्धुली फास्ट फुड एण्ड क्याटरिङ्ग सर्भिस, सिन्धुलीका संचालक सिताराम पहाडीले गरिवी निवारण कोष काठमाडौका नाममा जारी भएका विलहरु झुठो हो भन्ने समेत व्यहोराको अनुसन्धानका क्रममा कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई बिल भरपाई मेरै हो।खाजा अर्डर अनुसार बनाई सोको पैसा लिई विल दिएको हो भनी अदालत समक्ष बकपत्र गरेको देखिएको छ ।अनुसन्धानका क्रममा कागज गर्ने कला होटल एण्ड लज, सिन्धुलीका संचालक लालमान तामाङ्गले गरिवी निवारण कोष काठमाडौका नाममा जारी भएका विलहरु झुठो हो भन्ने समेत व्यहोराको अनुसन्धानका क्रममा कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई बिलमा भएको सहिछाप मेरो हो। भनी अदालत समक्ष बकपत्र गरेको देखिएको छ । अनुसन्धानका क्रममा कागज गर्ने सिन्धुलीगढी होटल प्रा लि, सिन्धुलीका संचालक अमृत बहादुर श्रेष्ठले गरिवी निवारण कोष काठमाडौका नाममा जारी भएका विलहरु झुठो हो भन्ने समेत व्यहोराको अनुसन्धानका क्रममा कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई बिलमा भएको सहिछाप मेरो हो निज संग मेरो ९ वटा विलको गरी लगभग रु.३५-३७ हजारको कारोबार भएको छ भनी अदालत समक्ष बकपत्र गरेको देखिएको छ । अनुसन्धानका क्रममा कागज गर्ने सम्झना स्टेशनरी एण्ड पुस्तक पसल र दाहाल अफसेट प्रिन्टिङ्ग प्रेसका जनक प्रधानले गरिवी निवारण कोष काठमाडौका नाममा जारी भएका विलहरु झुठो हो भन्ने समेत व्यहोराको अनुसन्धानका क्रममा कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई सम्झना स्टेशनरी एण्ड पुस्तक पसल २०७१ सालमा खरिद गरेको हो भनी अदालत समक्ष बकपत्र गरेको देखिएको छ । अनुसन्धानका क्रममा कागज गर्ने बस्नेत होटल, सिन्धुलीका संचालक राजेश विक्रम बस्नेतले गरिवी निवारण कोष काठमाडौका नाममा जारी भएका विलहरु झुठो हो भन्ने समेत व्यहोराको अनुसन्धानका क्रममा कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई मेरो होटलबाट गरिवी निवारण कोषले सञ्चालन गरेको कार्यक्रममा खाजा पटक पटक लगेको ठिक साँचो हो बस्नेत होटल लेखिएको विल मेरो होटलको हो भनी अदालत समक्ष बकपत्र गरेको देखिएको छ भनी आधार लिई भएको प्रस्तुत फैसलाको सम्वन्धमा "अनुसन्धान अधिकारीसमक्ष कागज गर्ने व्यक्तिहरूले पहिला आफूले भनेको भनाइको विपरीत हुनेगरी गरेको वकपत्रको आधारमा मात्र प्रतिवादीलाई सफाइ दिदै जाने हो भने पीडित तथा अन्य व्यक्तिउपर अनुचित प्रभाव पार्न सक्ने र अपराधीहरूले कहिल्यै पनि सजाय पाउने अवस्था नआई दण्डहीनताको स्थिति सिर्जना भइ अन्ततः समाज नै अराजकतातर्फ जाने" (ने.का.प.२०६६, नि.न.८१७९, अंक ६)भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिरको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रतिकुल हुने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।<br><br>**(आ)** जनप्रिय पुस्तक पसल वर्दियाका संचालक कृष्ण ज्ञवाली, उषा स्टेशनरी वर्दियाका संचालक चिन्तामणी ढकालले अनुसन्धानको क्रममा आफ्ना पसल विल भरपाईहरु झुठा हुन भनी कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई वकपत्र गरेको अवस्था नहुँदा प्रमाण ऐन, २०३१ को दफा १८ वमोजिम प्रमाणमा लिन मिल्ने देखिएन भनी आधार लिएको सम्वन्धमा हेर्दा निजलाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिदा समेत सो कार्यविधी कानून तर्फ प्रवेश नगरी प्रतिवादीलाई कसुर सजायवाट उन्मुक्ती दिन हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानून व्यवस्थाको प्रतिकुल रहि फैसला त्रुटि पूर्ण भई बदर भागी छ ।<br>**(इ)** अनुसन्धानका क्रममा गाडि चालकले विल भरपाई झुठ्ठा रहेको भनी गरेको कागज साक्षीको रुपमा अदालतमा उपस्थित उपस्थित भई वकपत्र गरेको अवस्था नहुदा प्रमाण ऐन, २०३१ को दफा १८ वमोजिम प्रमाणमा लिन मिल्ने देखिएन भनी आधार लिएको सम्वन्धमा हेर्दा निजलाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिदा समेत सो कार्यविधी कानून तर्फ प्रवेश नगरी प्रतिवादीलाई कसुर सजायवाट उन्मुक्ती दिन हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानून व्यवस्थाको प्रतिकुल रहि फैसला त्रुटि पूर्ण भई बदर भागी छ ।<br>**<u>(चट)प्रतिवादी लोकेन्द्र सिं बडालका हकमाः</u>**<br>निज प्रतिवादी उपर विगो रु.२३,०६,३२०।५० रकम गैरकानूनी हानीनोक्सानी पुर्याएको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ङ) को कसुरमा दफा ८(१) को सजायको मागदावी लिइएकोमा विशेष अदालतवाट विगो रु.४९,५००।—रकम मात्र भ्रष्टाचार गरेको ठहर गरी विगो वमोजिम जरिवाना र ४(चार) महिना कैदको सजाय गरी फैसला भएको छ । उक्त फैसला निम्न लिखित आधारवाट त्रुटिपूर्ण रहेको छ ।<br>**(अ)** अनुसन्धानका क्रममा कागज गर्ने सत्यवती निम्न माध्यमिक विद्यालय, दशौदी, जुम्लाका संचालक गोविन्द बहादुर बछाई, जि.पी. स्टेशनरी एण्ड सप्लायर्स, जुम्लाका संचालक प्रकाश शाही, स्नोल्याण्ड होटल, जुम्लाका संचालक ललितजङ्ग महत, अमर सन्देश गेष्ट हाउस, जुम्लाका संचालक दशरथ श्रेष्ठ, न्यू जनसेवा होटल, जुम्लाका संचालक इन्द्र बहादुर सावत, श्री सन्स होटल, जुम्लाका संचालक शेर बुढा, होटल रारा कर्णालीका संचालक तोरण सिंह कठायत, स्नोल्याण्ड होटल, जुम्लाका संचालक ललितजङ्ग महत, स्टार होटल एण्ड रेष्टुरेण्ट, र जुम्लाका संचालक हरिबहादुर डाँगी कर्णाली यातायात व्यवसायी संघ जुम्लाका प्रमुख इन्द्र बहादुर थापाले अनुसन्धानको क्रममा आफ्ना पसल/गाडिका विल भरपाईहरु झुठा हुन भनी कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई वकपत्र गरेको अवस्था नहुदा प्रमाण ऐन, २०३१ को दफा १८ वमोजिम प्रमाणमा लिन मिल्ने देखिएन भनी आधार लिएको सम्वन्धमा हेर्दा निजहरुलाई मुलुकी फौजदारी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कार्यविधी संहिता, २०७४ को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिदा समेत सो कार्यविधी कानून तर्फ प्रवेश नगरी प्रतिवादीलाई कसुर सजायवाट उन्मुक्ती दिन हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानून व्यवस्थाको प्रतिकुल रहि फैसला त्रुटि पूर्ण भई बदर भागी छ ।।<br><br>**(आ)** Transportation Norms and Guidelines को Vehicle Hiring को बुदा नं.६ मा प्रत्येक कर्मचारीले संभव भएसम्म दर्तावाला गाडी सेवाबाट गाडी भाडामा लिनुपर्ने, सद्दे विल (Genuine Bill invoice) पेश गर्नुपर्ने तथा भरपाई (अनुसूची बमोजिमको) पेश गर्नुपर्ने अनिवार्यता उल्लेख गरेको पाइन्छ। यसैगरी अनुगमन कार्यका लागि गाडि भाडामा लिदा दर्तावाला गाडिसेवा (Registered vehicle operator) बाट लिनुपर्ने अनिवार्यता गरेको देखिन्छ। सोको प्रतिकुल हुने गरी गाडि भाडामा लिई प्रयोग गर्दा गाडी भाडा सम्झौता नरहेको वा भाडा बुझाएको PAN/VAT विल भरपाई नरहेको भन्ने आधारमा मात्र Financial norms and standard को प्रावधान अनुरुप रहेको हदसम्म विल भरपाई झुठ्ठा रहेको भन्न मिल्ने देखिएन भनी आधार लिई भएको फैसला कानूनी व्याख्याको रोहमा त्रुटी पूर्ण भई वदर भागि छ ।<br>**<u>(च९)प्रतिवादी पदम सिंह ठगुन्नाको हकमाः</u>**<br>निज प्रतिवादी उपर विगो रु.१८,८४,२५३।— रकम गैरकानूनी हानीनोक्सानी पुऱ्याएको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ङ) को कसुरमा दफा ८(१) को सजायको मागदावी लिइएकोमा विशेष अदालतवाट विगो रु.१७,७००।—रकम मात्र भ्रष्टाचार गरेको ठहर गरी विगो वमोजिम जरिवाना र ३(तिन) महिना कैदको सजाय गरी फैसला भएको छ । उक्त फैसला निम्न लिखित आधारवाट त्रुटिपूर्ण रहेको छ ।<br>**(अ)** अनुसन्धानका क्रममा कागज गर्ने गंगोत्री होटल, कञ्चनपुरका संचालक जगदीश चन्द्र भट्टले अनुसन्धानको क्रममा आफ्ना पसलका विल भरपाईहरु झुठा हुन भनी कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई वकपत्र गरेको अवस्था नहुदा प्रमाण ऐन, २०३१ को दफा १८ वमोजिम प्रमाणमा लिन मिल्ने देखिएन भनी आधार लिएको सम्वन्धमा हेर्दा निजहरुलाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिदा समेत सो कार्यविधी कानून तर्फ प्रवेश नगरी प्रतिवादीलाई कसुर सजायवाट उन्मुक्ती दिन हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानून व्यवस्थाको प्रतिकुल रहि फैसला त्रुटि पूर्ण भई बदर भागी छ ।<br>**(आ)** अनुसन्धानका क्रममा कागज गर्ने लु१च ३९०९ नं.को सवारी धनी अशोक कुमार गिरीले अनुसन्धानको क्रममा आफ्ना पसल/गाडिका विल भरपाईहरु झुठा हुन भनी कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई वकपत्र गरेको अवस्था नहुदा प्रमाण ऐन, २०३१ को दफा १८ वमोजिम प्रमाणमा लिन मिल्ने देखिएन भनी आधार लिएको सम्वन्धमा हेर्दा निजहरुलाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिदा समेत सो कार्यविधी कानून तर्फ प्रवेश नगरी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रतिवादीलाई कसुर सजायवाट उन्मुक्ती दिन हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानून व्यवस्थाको प्रतिकुल रहि फैसला त्रुटि पूर्ण भई बदर भागी छ ।<br>**(इ)** Transportation Norms and Guidelines को Vehicle Hiring को बुदा नं.६ मा प्रत्येक कर्मचारीले संभव भएसम्म दर्तावाला गाडी सेवाबाट गाडी भाडामा लिनुपर्ने, सद्दे विल (Genuine Bill invoice) पेश गर्नुपर्ने तथा भरपाई (अनुसूची बमोजिमको) पेश गर्नुपर्ने अनिवार्यता उल्लेख गरेको पाइन्छ। यसैगरी अनुगमन कार्यका लागि गाडि भाडामा लिदा दर्तावाला गाडिसेवा (Registered vehicle operator) बाट लिनुपर्ने अनिवार्यता गरेको देखिन्छ। सोको प्रतिकुल हुने गरी गाडि भाडामा लिई प्रयोग गर्दा गाडी भाडा सम्झौता नरहेको वा भाडा वुझाएको PAN/VAT विल भरपाई नरहेको भन्ने आधारमा मात्र Financial norms and standard को प्रावधान अनुरुप रहेको हदसम्म विल भरपाई झुठ्ठा रहेको भन्न मिल्ने देखिएन भनी आधार लिई भएको फैसला कानूनी व्याख्याको रोहमा त्रुटी पूर्ण भई वदर भागि छ ।<br>**<u>(च१०)प्रतिवादी प्रमोद जोशीको हकमाः</u>**<br>निज प्रतिवादी उपर विगो रु.४३,३१,८६८।७५ रकम गैरकानूनी हानीनोक्सानी पुर्याएको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ङ) को कसुरमा दफा ८(१) को सजायको मागदावी लिइएकोमा विशेष अदालतवाट विगो रु.४८,०००।—रकम मात्र भ्रष्टाचार गरेको ठहर गरी विगो वमोजिम जरिवाना र ४(चार) महिना कैदको सजाय गरी फैसला भएको छ । उक्त फैसला निम्न लिखित आधारवाट त्रुटिपूर्ण रहेको छ ।<br>**(अ)** अनुसन्धानका क्रममा कागज गर्ने राजु डिजिटल फोटो स्टुडियो अछामका संचालक वादी नेपाल सरकारका साक्षी द्वारिका प्रसाद भट्टले बिल बमोजिमको भुक्तानी लिएको हो भनी अदालत समक्ष बकपत्र गरेको देखिएको छ । अनुसन्धानका क्रममा कागज गर्ने शितन स्टेशनरी स्टोर, अछामका संचालक शिव बहादुर कुँवरले बिलको कारोबार म नभएको बेला मेरो छोरीले कारोवार गरी भुक्तानी लिएको हो भनी अदालत समक्ष बकपत्र गरेको देखिएको छ भनी अदालत समक्ष बकपत्र गरेको देखिएको छ भनी आधार लिई भएको प्रस्तुत फैसलाको सम्वन्धमा "अनुसन्धान अधिकारीसमक्ष कागज गर्ने व्यक्तिहरूले पहिला आफूले भनेको भनाइको विपरीत हुनेगरी गरेको वकपत्रको आधारमा मात्र प्रतिवादीलाई सफाइ दिदै जाने हो भने पीडित तथा अन्य व्यक्तिउपर अनुचित प्रभाव पार्न सक्ने र अपराधीहरूले कहिल्यै पनि सजाय पाउने अवस्था नआई दण्डहीनताको स्थिति सिर्जना भइ अन्ततः समाज नै अराजकतातर्फ जाने" ( ने.का.प.२०६६, नि.न.८१७९, अंक ६ )भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिरको प्रतिकुल हुने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।<br>**(आ)** अनुसन्धानका क्रममा कागज गर्ने पञ्चकन्या होटल एण्ड फास्टफूड सेन्टरका संचालक निर्प ब. कडायत, रुप भाट र भक्त बोगटी, स्काइ नेट कम्प्यूटर एण्ड फोटोकपी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सेन्टर अछामका संचालक कटक थापा, स्याङ्गजा होटल मःम सेन्टर एण्ड रेष्टुरेष्ट, अछामका संचालक निर्मला खवास, लाइट स्टार बुक सेन्टर, अछामका संचालक धिरज रावल, साँफेवगर न.पा.का स्थानीयबासिहरु हिरण्य ठकुल्ला, न्यू सनलाइट रेष्टुरेष्ट एण्ड लजका संचालक गंगा प्रसाद कोइरालाले गरिदिनु भएको कागज, शुभ प्रतिमा स्टेशनरी एण्ड सप्लायर्सका संचालक जनकराज चटौतले अनुसन्धानको क्रममा आफ्ना पसल/गाडिका विल भरपाईहरु झुठा हुन भनी कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई वकपत्र गरेको अवस्था नहुदा प्रमाण ऐन, २०३१ को दफा १८ वमोजिम प्रमाणमा लिन मिल्ने देखिएन भनी आधार लिएको सम्वन्धमा हेर्दा निजहरुलाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिदा समेत सो कार्यविधी कानून तर्फ प्रवेश नगरी प्रतिवादीलाई कसुर सजायवाट उन्मुक्ती दिन हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानून व्यवस्थाको प्रतिकुल रहि फैसला त्रुटि पूर्ण भई बदर भागी छ।<br>**<u>(च११)प्रतिवादी कमल बहादुर थिङ्गका हकमाः</u>**<br>निज प्रतिवादी उपर विगो रु.११,७१,४४१।— रकम गैरकानूनी हानीनोक्सानी पुर्याएको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ङ) को कसुरमा दफा ८(१) को सजायको मागदावी लिइएकोमा विशेष अदालतवाट विगो रु.५९,५००।—रकम मात्र भ्रष्टाचार गरेको ठहर गरी विगो वमोजिम जरिवाना र ५(पाँच) महिना कैदको सजाय गरी फैसला भएको छ । उक्त फैसला निम्न लिखित आधारवाट त्रुटिपूर्ण रहेको छ ।<br>**(अ)** अनुसन्धानका क्रममा कागज गर्ने सवारी साधन नं बा७च ७२९७ का सवारी धनी रुदिप श्रेष्ठले उक्त सवारी कोही कसैलाई भाडामा दिएको छैन भनी कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई वकपत्र गरेको अवस्था नहुदा प्रमाण ऐन, २०३१ को दफा १८ वमोजिम प्रमाणमा लिन मिल्ने देखिएन भनी कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई वकपत्र गरेको अवस्था नहुदा प्रमाण ऐन, २०३१ को दफा १८ वमोजिम प्रमाणमा लिन मिल्ने देखिएन भनी आधार लिएको सम्वन्धमा हेर्दा निजहरुलाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिदा समेत सो कार्यविधी कानून तर्फ प्रवेश नगरी प्रतिवादीलाई कसुर सजायवाट उन्मुक्ती दिन हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानून व्यवस्थाको प्रतिकुल रहि फैसला त्रुटि पूर्ण भई बदर भागी छ।<br>**<u>(च१२)प्रतिवादी प्रविन घिमिरेको हकमाः</u>**<br>निज प्रतिवादी उपर विगो रु.४,२६,०२,३२७।२५ रकम गैरकानूनी हानीनोक्सानी पुर्याएको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ङ) को कसुरमा दफा ८(१) को सजायको मागदावी लिइएकोमा विशेष अदालतवाट विगो रु.४१,४००।—रकम मात्र भ्रष्टाचार गरेको ठहर गरी विगो वमोजिम जरिवाना र ४(चार) महिना कैदको सजाय गरी फैसला भएको छ । उक्त फैसला निम्न लिखित आधारवाट त्रुटिपूर्ण रहेको छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | **(अ)** अनुसन्धानका क्रममा कागज गर्ने होटल कस्तुरीका संचालक गोपालप्रसाद गिरीले गरिवी निवारण कोष काठमाडौका नाममा जारी भएका विलहरु झुठो हो भन्ने समेत व्यहोराको अनुसन्धानका क्रममा कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई त्यसमा भएको सही छाप मेरो आफ्नो हो। भुक्तानी भएको विल सही छ भनी अदालत समक्ष बकपत्र गरेको देखिएको छ भनी आधार लिई भएको प्रस्तुत फैसलाको सम्वन्धमा "अनुसन्धान अधिकारीसमक्ष कागज गर्ने व्यक्तिहरूले पहिला आफूले भनेको भनाइको विपरीत हुनेगरी गरेको वकपत्रको आधारमा मात्र प्रतिवादीलाई सफाइ दिंदै जाने हो भने पीडित तथा अन्य व्यक्तिउपर अनुचित प्रभाव पार्न सक्ने र अपराधीहरूले कहिल्यै पनि सजाय पाउने अवस्था नआई दण्डहीनताको स्थिति सिर्जना भइ अन्ततः समाज नै अराजकतातर्फ जाने" ( ने.का.प.२०६६, नि.न.८१७९, अंक ६)भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिरको प्रतिकुल हुने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।<br><br>**(आ)** अनुसन्धानका क्रममा कागज गर्ने होटल ड्रिमल्याण्डका संचालक सन्तोष श्रेष्ठले अनुसन्धानको क्रममा आफ्ना पसल/गाडिका विल भरपाईहरु झुठा हुन भनी कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई वकपत्र गरेको अवस्था नहुदा प्रमाण ऐन, २०३१ को दफा १८ वमोजिम प्रमाणमा लिन मिल्ने देखिएन भनी आधार लिएको सम्वन्धमा हेर्दा निजहरुलाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिदा समेत सो कार्यविधी कानून तर्फ प्रवेश नगरी प्रतिवादीलाई कसुर सजायवाट उन्मुक्ती दिन हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानून व्यवस्थाको प्रतिकुल रहि फैसला त्रुटि पूर्ण भई बदर भागी छ ।<br><br>**<u>(च१३)प्रतिवादी बालकृष्ण विश्वकर्माको हकमाः</u>**<br>निज प्रतिवादी उपर विगो रु.२४,८३,१४२।५० रकम गैरकानूनी हानीनोक्सानी पुर्याएको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ङ) को कसुरमा दफा ८(१) को सजायको मागदावी लिइएकोमा विशेष अदालतवाट विगो रु.२,०६,०००।—रकम मात्र भ्रष्टाचार गरेको ठहर गरी विगो वमोजिम जरिवाना र १(एक)वर्ष कैदको सजाय गरी फैसला भएको छ । उक्त फैसला निम्न लिखित आधारवाट त्रुटिपूर्ण रहेको छ।<br>**(अ)** अनुसन्धानका क्रममा कागज गर्ने जगन्नाथ फास्टफुड सेन्टरका संचालक भानदेव भट्टले अनुसन्धानका क्रममा गरिवी निवारण कोष काठमाडौका नाममा जारी भएको विल झुठा भन्ने व्यहोरा खुलाई कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई बिल मेरो कामदारले जारी गरेका रहेछन्। जुन कुरा मलाई पछि मात्र जानकारी भयो। सो मा भएको सही-छाप मेरो हो। गरिवी निवारण कोषका कर्मचारीले मेरो होटलमा कारोवार गरेको थियो। जारी भएको विलको रकम भुक्तानि मैले पाईसकेको छु भनी अदालत समक्ष बकपत्र गरेको देखिएको छ । अनुसन्धानका क्रममा कागज गर्ने सृजना |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | स्वीट्सका संचालक महादेव भट्टले अनुसन्धानका क्रममा गरिवी निवारण कोष काठमाडौका नाममा जारी भएको विल झुठा भन्ने व्यहोरा खुलाई कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई गरिवी निवारण कोषका कर्मचारीले मेरो होटलमा कारार गरेको थियो। जारी भएका विलको रकम भुक्तानी मैले पाईसकेको छु भनी अदालत समक्ष बकपत्र गरेको देखिएको छ । अनुसन्धानका क्रममा कागज गर्ने स्मार्ट कम्युनिकेसन एण्ड स्टेशनरी सेन्टरका संचालक महेश भट्टले गरिवी निवारण कोष काठमाडौका नाममा जारी भएको विल झुठो हो भन्ने समेत व्यहोराको अनुसन्धानका क्रममा कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई विलमा मेरो आपने हस्ताक्षर हो र २०६७/१०/१९ को दिन मा भएको हस्ताक्षर मेरो आफ्नै होइन तर कामदारको चाही हुन सक्छ भनी अदालत समक्ष बकपत्र गरेको देखिएको छ भनी आधार लिई भएको प्रस्तुत फैसलाको सम्वन्धमा "अनुसन्धान अधिकारीसमक्ष कागज गर्ने व्यक्तिहरूले पहिला आफूले भनेको भनाइको विपरीत हुनेगरी गरेको वकपत्रको आधारमा मात्र प्रतिवादीलाई सफाइ दिदै जाने हो भने पीडित तथा अन्य व्यक्तिउपर अनुचित प्रभाव पार्न सक्ने र अपराधीहरूले कहिल्यै पनि सजाय पाउने अवस्था नआई दण्डहीनताको स्थिति सिर्जना भइ अन्ततः समाज नै अराजकतातर्फ जाने" (ने.का.प.२०६६, नि.न.८१७९, अंक ६)भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिरको प्रतिकुल हुने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।<br>**(आ)** अनुसन्धानका क्रममा कागज गर्ने सनराइज होटल एण्ड लजका संचालक गंगा प्रसाद कोइरालाले अनुसन्धानको क्रममा आफ्ना पसलका विल भरपाईहरु झुठा हुन भनी कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई वकपत्र गरेको अवस्था नहुदा प्रमाण ऐन, २०३१ को दफा १८ वमोजिम प्रमाणमा लिन मिल्ने देखिएन भनी आधार लिएको सम्वन्धमा हेर्दा निजहरुलाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिदा समेत सो कार्यविधी कानून तर्फ प्रवेश नगरी प्रतिवादीलाई कसुर सजायवाट उन्मुक्ती दिन हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानून व्यवस्थाको प्रतिकुल रहि फैसला त्रुटि पूर्ण भई बदर भागी छ ।<br>**(इ)** प्रतिवादीले प्रयोग गरेको वादी दावीको से १ज ६४, से १ज २११, से १ज १५१ र बा ७च ५६५० नं. का सवारीका सम्वन्धमा सवारी साधन अग्नि इन्कर्पोरेटेड प्रा. लि.काठमाण्डौको नाममा दर्ता रहेको निजी सवारी साधन भएको र उक्त प्रा.लि.ले सवारी साधनहरु आयात गरी नेपालमा विक्री वितरण गर्ने गरेको तर सो बाहेक गाडीहरु भाडामा दिने लगायतका कामहरु गर्ने नगरेको भन्ने वादी दावी छ । अग्नी इन्कर्पोरेटेड प्रा. लि.काठमाण्डौ गाडी व्यवसायमा संलग्न रहेको देखिन्छ। उक्त गाडी भाडामा दिएको हो वा होइन? भन्ने विषयमा बादीले अग्नी इन्कर्पोरेटेड प्रा. लि.काठमाण्डौलाई बुझ्दै नबुझी गाडी भाडामा नदिएको अर्थ गरेको देखिदा प्रतिवादीले से १ज ६४, से १ज २११, से १ज १५१ र बा ७च ५६५० नं. का गाडी भाडामा नलिएको भन्ने दावी विश्वसनीय देखिन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | आएन भनि आधार लिएको सम्वन्धमा हेर्दा Transportation Norms and Guidelines को Vehicle Hiring को बुदा नं.६ मा प्रत्येक कर्मचारीले संभव भएसम्म दर्तावाला गाडी सेवाबाट गाडी भाडामा लिनुपर्ने, सद्दे विल (Genuine Bill invoice) पेश गर्नुपर्ने तथा भरपाई (अनुसूची बमोजिमको) पेश गर्नुपर्ने अनिवार्यता उल्लेख गरेको पाइन्छ। यसैगरी अनुगमन कार्यका लागि गाडि भाडामा लिदा दर्तावाला गाडिसेवा (Registered vehicle operator) बाट लिनुपर्ने अनिवार्यता गरेको देखिन्छ। साथै सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ८(१) मा "निज सवारी यातायात सेवाको लागी प्रयोग गर्न पाइने छैन" भनी स्पष्ट तथा वाध्त्मक कानूनी व्यवस्था रहेको अवस्थामा सोको समेत प्रतिकुल हुने गरी प्राईभेट गाडि पनि कुनै विशेष अवस्थामा भाडामा लिई प्रयोग गर्ने व्यावहारिक चलन रहेको अवस्थामा गाडि प्राईभेट रहेको भन्ने आधारमा मात्र गाडिको विल भरपाई झुठ्ठा रहेको भन्न मिलेन भनि व्याख्या गरी भएको फैसला कानूनी व्याख्याको रोहमा त्रुटी पूर्ण भई वदर भागि छ ।<br><br>**<u>(च१४)प्रतिवादी कृष्ण बहादुर सेरालाको हकमाः</u>**<br>निज प्रतिवादी उपर विगो रु.२२,७३,९००।— रकम गैरकानूनी हानीनोक्सानी पुर्याएको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ङ) को कसुरमा दफा ८(१) को सजायको मागदावी लिइएकोमा विशेष अदालतवाट विगो रु.२४,०००।—रकम मात्र भ्रष्टाचार गरेको ठहर गरी विगो वमोजिम जरिवाना र ३(तिन) महिना कैदको सजाय गरी फैसला भएको छ । उक्त फैसला निम्न लिखित आधारवाट त्रुटिपूर्ण रहेको छ ।<br>**(अ)** अनुसन्धानका क्रममा कागज गर्ने ब्रदर्श जि.एम. गेष्ट हाउसका संचालक तुलबहादुर घर्ती मगर र सिद्धार्थ होटलका संचालक हरिबहादुर घर्ती मगरले अनुसन्धानको क्रममा आफ्ना पसल/गाडिका विल भरपाईहरु झुठा हुन भनी कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई वकपत्र गरेको अवस्था नहुदा प्रमाण ऐन, २०३१ को दफा १८ वमोजिम प्रमाणमा लिन मिल्ने देखिएन भनी आधार लिएको सम्वन्धमा हेर्दा निजहरुलाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिदा समेत सो कार्यविधी कानून तर्फ प्रवेश नगरी प्रतिवादीलाई कसुर सजायवाट उन्मुक्ती दिन हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानून व्यवस्थाको प्रतिकुल रहि फैसला त्रुटि पूर्ण भई बदर भागी छ ।<br><br>**(आ)** अनुसन्धानका क्रममा कागज गर्ने से१ज १६२ नं. जीपका संचालक शुशीला निरौलाले अनुसन्धानका क्रममा गरिवी निवारण कोष काठमाडौका निज कार्य प्रबन्धकले उक्त नं. को जीप भाडामा लिएको होइन भनी कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई श्रीमानले गाडी भाडमा दिएको भनी अदालत समक्ष बकपत्र गरेको देखिएको छ । अनुसन्धानका क्रममा कागज गर्ने लु१ज ८०५ नं. को सवारी साधनका धनि/चालक थानेश्वर पाठकले अनुसन्धानका क्रममा मैले खरिद गरी आए देखि नै उक्त सवारी साधनमा चालकको काम पनि आफैले गरी आएको छु ।अन्य |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कोही कसैलाई चलाउन दिएको छैन । आयोगको पत्र/भरपाईमा उल्लेख भएको चालक डम्बर सिंह थापा भन्ने व्यक्तिलाई मैले चिन्दिन भनी कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई मैले उक्त गाडि किनेपछि १६ महिना जति मैले गाडी चलाएको थिएन उक्त समयमा चालक डम्बर सिंह थापाले उक्त गाडि चलाउनु भएको थियो। गाडि मेरै नाममा रहेको छ सो गाडि भाडामा चलिरहेको छ भनी अदालत समक्ष बकपत्र गरेको देखिएको छ । अनुसन्धानका क्रममा कागज गर्ने लु१ज १६२२ नं.को सवारी साधनका धनी निरन्जन सुवेदीले अनुसन्धानका क्रममा भरपाईमा उल्लेखित रकम कृष्ण बहादुर शेरलाबाट भुक्तानी लिएको छैन भनी कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई निज प्रतिवादीले उल्लेखित सवारी साधन प्रयोग गरेको कुरा पछी यातायात व्यवसायी समितिबाट जानकारी भएको हो भनी अदालत समक्ष बकपत्र गरेको देखिएको छ । अनुसन्धानका क्रममा कागज गर्ने रा१ज ११९ नं.को सवारी साधन जीपका धनी मालिक खिम बहादुर बस्नेतले अनुसन्धानका क्रममा भरपाईमा उल्लेखित रकम कृष्ण बहादुर शेरलाबाट भुक्तानी लिएको छैन भनी कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई मैले २०६८ सालमा गाडी दुर्घटनामा परि बेचिदिएको व्यहोरा सो कागज गराउँदा भनेको थिएँ। तर सो कागजमा २०६० भनी लेखिदिएछन। मेरो गाडी २०६८ साल साउन सम्म संचालनमा थियो भनी अदालत समक्ष बकपत्र गरेको देखिएको छ भनी आधार लिई भएको प्रस्तुत फैसलाको सम्वन्धमा “अनुसन्धान अधिकारीसमक्ष कागज गर्ने व्यक्तिहरूले पहिला आफूले भनेको भनाइको विपरीत हुनेगरी गरेको वकपत्रको आधारमा मात्र प्रतिवादीलाई सफाइ दिदै जाने हो भने पीडित तथा अन्य व्यक्तिउपर अनुचित प्रभाव पार्न सक्ने र अपराधीहरूले कहिल्यै पनि सजाय पाउने अवस्था नआई दण्डहीनताको स्थिति सिर्जना भइ अन्ततः समाज नै अराजकतातर्फ जाने” ( ने.का.प.२०६६, नि.न.८१७९, अंक ६)भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिरको प्रतिकुल हुने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।<br>**(इ)** अनुसन्धानका क्रममा कागज गर्ने लोकहरि श्रेष्ठ, अम्बा कुमारी पौडेल दुर्गा प्रसाद पुलामी समेतले लु१ज ११७८ नं. को सवारी साधन भाडामा दिएका सन्दर्भमा विल भरपाई अनुसारको रकम मैले सवारी चालकबाट भुक्तानी लिएको छैन, भरपाई झुठा हुनुपर्छ भनी कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई वकपत्र गरेको अवस्था नहुदा प्रमाण ऐन, २०३१ को दफा १८ वमोजिम प्रमाणमा लिन मिल्ने देखिएन । अनुसन्धानका क्रममा कागज गर्ने लु१ज १५२५ नं. को सवारी साधनका संचालक लोक सुशिल अटो कन्सर्नको तर्फबाट प्रबन्धक ओम प्रकाश शर्मा आचार्यले उक्त गाडी हामीले रोल्पा नेपालगन्ज नपठाएको र भरपाईमा उल्लेख भएका चालक विष्णु थापा नाम गरेका व्यक्तिलाई चालकको रुपमा राखेका थिएनौ कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई वकपत्र गरेको अवस्था नहुदा प्रमाण ऐन, २०३१ को दफा १८ वमोजिम प्रमाणमा लिन मिल्ने देखिएन भनी आधार लिएको सम्वन्धमा हेर्दा निजहरुलाई |

मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिदा समेत सो कार्यविधी कानून तर्फ प्रवेश नगरी प्रतिवादीलाई कसुर सजायवाट उन्मुक्ती दिन हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानून व्यवस्थाको प्रतिकुल रहि फैसला त्रुटि पूर्ण भई बदर भागी छ।

<u>**(च१५)प्रतिवादी इश्वरीलाल विश्वकर्माका हकमाः**</u>

<u>**निज प्रतिवादी उपर विगो रु.१२,६३,२५३।— रकम गैरकानूनी हानीनोक्सानी पुर्याएको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ङ) को कसुरमा दफा ८(१) को सजायको मागदावी लिइएकोमा विशेष अदालतवाट विगो रु.१२,०००।—रकम मात्र भ्रष्टाचार गरेको ठहर गरी विगो वमोजिम जरिवाना र ३(तिन) महिना कैदको सजाय गरी फैसला भएको छ । उक्त फैसला निम्न लिखित आधारवाट त्रुटिपूर्ण रहेको छ ।**</u>

**(अ)** सो सम्बन्धमा विचार गर्दा, प्रतिवादीले प्रयोग गरेको भनिएका वादी दावीको भे १ज ८०० नं. को स्वारी साधन मिति २०६७/११/७ गते तुलसीपुर दाङबाट रुकुमसम्म प्रयोग गरेको देखाई सो सवारी साधनका चालक जगदीश शर्मालाई रु. १२,०००।-भुक्तानी दिइएको भरपाई पेश गरेकोमा उक्त नं. सम्म सवारी साधनको दर्ता क्रमसंख्या नै नपुगेको भनी यातायात व्यवस्था कार्यालय भेरीको च. नं. ३५९ मिति ०७१।८।२९को पत्रबाट लेखी आएको देखिदा दर्ता नै नभएको सवारी साधनको झुठा भरपाई खडा गरी पेश गरेको देखिएको छ । यातायात कार्यालयमा दर्ता नै नभएको, अस्तित्वमा नै नरहेको गाडि भाडामा लिएको कुरा सही मान्न मिलेन त्यस्ता विल भरपाई स्वत झुठ्ठा मान्नुपर्छ। कुनै गाडि सार्वजनिक यातायातको रुपमा दर्ता रहेकोमा सार्वजनिक यातायात प्रयोग गरी ट्याक्सी भाडाको विल भरपाई लाई झुठ्ठा नै मान्नुपर्छ। सो हदसम्म गाडि प्रयोग नै नगरी बदनियत राखी झुट्टा बिल भरपाई बनाई भुक्तानी दिए लिएको पुष्टि हुन्छ।कार्यक्रम सम्पन्न भएको भन्ने आधारमा प्रतिवादीले पेश गरेको सवै विल भरपाई स्वतः सद्धे रहेको अर्थ लाग्दैन । कुनै एक ठाँउबाट अर्को ठाँउमा पुग्ने बिभिन्न सवारी साधन प्रयोग गर्न मिल्ने अवस्था रहेको देखिदा कार्यक्रम स्थलमा पुगेको आधारमा अस्तित्वमा नै नरहेको गाडि भाडाको बिल भरपाई सही रहेको प्रतिवादी जिकिर पुष्टी हुन सक्दैन ।प्रतिवादीले दर्ता नै नभएको गाडि भाडामा दिई विल भरपाई पेश गरी भुक्तानी लिएको देखिदा जम्मा रु १२,०००।- को हदसम्म वादी दावी पुग्ने देखियो **भनी फैसलाको पृष्ठ** १०५० विश्लेषण गरेता पनि आरोपदावी वमोजिमको रु.१२,६३,२५३।— मध्ये अन्ये विगोको हकमा सफाई दिनु पर्ने आधार कारण नखुलाई निजको हकमा विगो घटाई भएको फैसला त्रुटी पूर्ण भई वदर भागि छ।

<u>**(च१६)प्रतिवादी प्रदिप पौडेलका हकमा**</u>

निज प्रतिवादी उपर विगो रु.५,७६,५५०।— रकम गैरकानूनी हानीनोक्सानी पुर्याएको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ङ) को कसुरमा दफा ८(१) को सजायको मागदावी लिइएकोमा विशेष अदालतवाट विगो रु.१०,१००।—रकम मात्र

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | भ्रष्टाचार गरेको ठहर गरी विगो वमोजिम जरिवाना र ३(तिन) महिना कैदको सजाय गरी फैसला भएको छ । उक्त फैसला निम्न लिखित आधारवाट त्रुटिपूर्ण रहेको छ ।<br>**(अ)** अनुसन्धानका क्रममा कागज गर्ने सुमित गुप्ता मिष्ठान्न भण्डारका संचालक चन्द्रेश्वर साह, युनिक स्टेशनरि एण्ड जनरल स्टोर्सका संचालक शिवचन्द्र चौधरी, राजकुमार मिठाई पसलका संचालक राजकुमार साह, शिव मिष्ठान्न भण्डारका संचालक राकेश कुमार साह र न्यू अभिषेक पुस्तक पसलका संचालक रुकुम सिंहले अनुसन्धानको क्रममा आफ्ना पसलका विल भरपाईहरु झुठा हुन भनी कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई वकपत्र गरेको अवस्था नहुदा प्रमाण ऐन, २०३१ को दफा १८ वमोजिम प्रमाणमा लिन मिल्ने देखिएन भनी आधार लिएको सम्वन्धमा हेर्दा निजहरुलाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिदा समेत सो कार्यविधी कानून तर्फ प्रवेश नगरी प्रतिवादीलाई कसुर सजायवाट उन्मुक्ती दिन हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानून व्यवस्थाको प्रतिकुल रहि फैसला त्रुटि पूर्ण भई बदर भागी छ ।<br><br><u>**(च१७)प्रतिवादी निर्मल पन्तका हकमा**</u><br>निज प्रतिवादी उपर विगो रु.७,४८,१८५।— रकम गैरकानूनी हानीनोक्सानी पुर्याएको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ङ) को कसुरमा दफा ८(१) को सजायको मागदावी लिइएकोमा विशेष अदालतवाट विगो रु.२५,५००।—रकम मात्र भ्रष्टाचार गरेको ठहर गरी विगो वमोजिम जरिवाना र ३(तिन) महिना कैदको सजाय गरी फैसला भएको छ । उक्त फैसला निम्न लिखित आधारवाट त्रुटिपूर्ण रहेको छ ।<br>**(अ)** अनुसन्धानका क्रममा कागज गर्ने को१ज ५६३ नं को सवारी साधनका धनी पवन अग्रवाल, को१ज ५३४ नं जिपका धनी मदन बहादुर बस्नेत र को१ज ६४६ नं जिपका धनी/चालक महेन्द्र कुमार क्षेत्रीले अनुसन्धानको क्रममा भरपाई नक्कली, कपोकल्पित र झुठा हो भन्ने व्यहोराको कागज गरेतापनि साक्षीको रुपमा अदालतमा उपस्थित भई वकपत्र गरेको अवस्था नहुदा प्रमाण ऐन, २०३१ को दफा १८ वमोजिम प्रमाणमा लिन मिल्ने देखिएन भनी आधार लिएको सम्वन्धमा हेर्दा निजहरुलाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिदा समेत सो कार्यविधी कानून तर्फ प्रवेश नगरी प्रतिवादीलाई कसुर सजायवाट उन्मुक्ती दिन हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानून व्यवस्थाको प्रतिकुल रहि फैसला त्रुटि पूर्ण भई बदर भागी छ ।<br>**(आ)** प्रतिवादीले प्रयोग गरेको भे १च ७८१ नं. को सवारी साधन, ना १च ४५६६ नं. को सवारी साधन अग्नि इनकर्पोरेट प्रा.लि. को नाममा दर्ता रहेको र बा २च २३२५ नं को सवारी साधन होटल सोल्टीको नाममा दर्ता रहेको भन्ने वादी दावी छ । अग्नी इन्कर्पोरेटेड प्रा. लि.काठमाण्डौ गाडी व्यवसायमा संलग्न रहेको देखिन्छ। उक्त गाडी भाडामा दिएको हो वा होइन? भन्ने विषयमा बादीले अग्नी इन्कर्पोरेटेड प्रा. |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | लि.काठमाण्डौलाई र बा २च २३२५ नं को सवारी साधन सम्बन्धमा होटल सोल्टीलाई बुझ्दै नबुझी गाडी भाडामा नदिएको अर्थ गरेको देखिदा प्रतिवादीले भे १च ७८१ नं. को सवारी साधन, ना १च ४५६६ नं. को सवारी साधन भाडामा नलिएको भन्ने दावी विश्वसनीय देखिन आएन। प्रयोग भएका गाडि यातायात कार्यालयमा विधिवत दर्ता भई संचालनमा रहेको अवस्थामा त्यस्ता गाडिको भाडा विल भरपाई झुट्ठा रहेको भन्न मिलेन भनि आधार लिएको सम्वन्धमा हेर्दा Transportation Norms and Guidelines को Vehicle Hiring को बुदा नं.६ मा प्रत्येक कर्मचारीले संभव भएसम्म दर्तावाला गाडी सेवाबाट गाडी भाडामा लिनुपर्ने, सद्दे विल (Genuine Bill invoice) पेश गर्नुपर्ने तथा भरपाई (अनुसूची बमोजिमको) पेश गर्नुपर्ने अनिवार्यता उल्लेख गरेको पाइन्छ। यसैगरी अनुगमन कार्यका लागि गाडि भाडामा लिदा दर्तावाला गाडिसेवा (Registered vehicle operator) बाट लिनुपर्ने अनिवार्यता गरेको देखिन्छ। साथै सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ८(१) मा "निज सवारी यातायात सेवाको लागी प्रयोग गर्न पाइने छैन" भनी स्पष्ट तथा वाध्त्मक कानूनी व्यवस्था रहेको अवस्थामा सोको समेत प्रतिकुल हुने गरी प्राईभेट गाडि पनि कुनै विशेष अवस्थामा भाडामा लिई प्रयोग गर्ने व्यावहारिक चलन रहेको अवस्थामा गाडि प्राईभेट रहेको भन्ने आधारमा मात्र गाडिको विल भरपाई झुट्ठा रहेको भन्न मिलेन भनि व्याख्या गरी भएको फैसला कानूनी व्याख्याको रोहमा त्रुटी पूर्ण भई वदर भागि छ ।<br>**(इ)** प्रतिवादीले प्रयोग गरेको को १ज २२६५ नं को सवारी साधन मिति २०७१/०७/१६ मा सनराइज बैक लि. धरानको नाममा दर्ता रहेको वादी दावी रहेको देखिन्छ। ना १च. १५३३ नं. को सवारी साधन २०६६।५।८ मा सिप्रदी ट्रेडिङ्गको नाममा दर्ता भई मिति २०६६।५।२३ मा रा.वा.बैंक भरतपुरको नाममा निजी प्रयोजनको लागि दर्ता भएको वादी दावी रहेको देखिन्छ। उक्त गाडी भाडामा दिएको हो वा होइन? भन्ने विषयमा बादीले सनराइज बैक लि. लाई र रा.वा.बैंक भरतपुरलाई बुझ्दै नबुझी गाडी भाडामा नदिएको अर्थ गरेको देखिदा प्रतिवादीले को १ज २२६५ नं को सवारी साधन, ना १च. १५३३ नं. को सवारी साधन भाडामा नलिएको भन्ने दावी विश्वसनीय देखिन आएन। प्रयोग भएका गाडि यातायात कार्यालयमा विधिवत दर्ता भई संचालनमा रहेको अवस्थामा त्यस्ता गाडिको भाडा विल भरपाई झुट्ठा रहेको भन्न मिलेन भनि आधार लिएको सम्वन्धमा हेर्दा Transportation Norms and Guidelines को Vehicle Hiring को बुदा नं.६ मा प्रत्येक कर्मचारीले संभव भएसम्म दर्तावाला गाडी सेवाबाट गाडी भाडामा लिनुपर्ने, सद्दे विल (Genuine Bill invoice) पेश गर्नुपर्ने तथा भरपाई (अनुसूची बमोजिमको) पेश गर्नुपर्ने अनिवार्यता उल्लेख गरेको पाइन्छ। यसैगरी अनुगमन कार्यका लागि गाडि भाडामा लिदा दर्तावाला गाडिसेवा (Registered vehicle operator) बाट लिनुपर्ने अनिवार्यता गरेको देखिन्छ। साथै सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ८(१) मा "निज सवारी यातायात सेवाको लागी प्रयोग गर्न पाइने छैन" भनी स्पष्ट तथा वाध्त्मक कानूनी व्यवस्था रहेको अवस्थामा सोको समेत प्रतिकुल हुने गरी प्राईभेट गाडि |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | पनि कुनै विशेष अवस्थामा भाडामा लिई प्रयोग गर्ने व्यावहारिक चलन रहेको अवस्थामा गाडि प्राईभेट रहेको भन्ने आधारमा मात्र गाडिको विल भरपाई झुठ्ठा रहेको भन्न मिलेन भनि व्याख्या गरी भएको फैसला कानूनी व्याख्याको रोहमा त्रुटी पूर्ण भई वदर भागि छ ।<br>**(ई)** प्रतिवादीले प्रयोग गरेको ना १च ३२४९ नं. को सवारी साधन मिति २०५७/५/२९ मा बागमती सरुवा सहमती भई गएको, को १ज ५३५ नं को सवारी साधन मिति २०५७/०९/१२ मा कोशीबाट मेचीमा सरुवा सहमती भै गएको, को.१ ज. ५३५ नं. को सवारी साधन मिति २०५७।९।१२ मा नै मेचीमा सरुवा सहमती भई गएको देखिन्छ। कुनै पनि जिल्लाको यातायात कार्यालयमा विधिवत दर्ता भई संचालनमा रहेको अवस्थामा सरुवा सहमति भई अन्य कुनै जिल्लामा दर्ता रहेको भन्ने आधारमा मात्र त्यस्ता गाडिको भाडा विल भरपाई झुठ्ठा रहेको भन्न मिलेन भनि आधार लिएको सम्वन्धमा हेर्दा Transportation Norms and Guidelines को Vehicle Hiring को बुदा नं.६ मा प्रत्येक कर्मचारीले संभव भएसम्म दर्तावाला गाडी सेवाबाट गाडी भाडामा लिनुपर्ने, सद्दे विल (Genuine Bill invoice) पेश गर्नुपर्ने तथा भरपाई (अनुसूची बमोजिमको) पेश गर्नुपर्ने अनिवार्यता उल्लेख गरेको पाइन्छ। यसैगरी अनुगमन कार्यका लागि गाडि भाडामा लिदा दर्तावाला गाडिसेवा (Registered vehicle operator) बाट लिनुपर्ने अनिवार्यता गरेको देखिन्छ।साथै सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ८(१) मा "निज सवारी यातायात सेवाको लागी प्रयोग गर्न पाइने छैन" भनी स्पष्ट तथा वाध्त्मक कानूनी व्यवस्था रहेको अवस्थामा सोको समेत प्रतिकुल हुने गरी प्राईभेट गाडि पनि कुनै विशेष अवस्थामा भाडामा लिई प्रयोग गर्ने व्यावहारिक चलन रहेको अवस्थामा गाडि प्राईभेट रहेको भन्ने आधारमा मात्र गाडिको विल भरपाई झुठ्ठा रहेको भन्न मिलेन भनि व्याख्या गरी भएको फैसला कानूनी व्याख्याको रोहमा त्रुटी पूर्ण भई वदर भागि छ ।<br>**(उ)** प्रतिवादीले प्रयोग गरेको लु १च २८१४ नं. को सवारी साधन निजी पिकअप रहेको भन्ने वादी दावी छ । प्रतिवादीले प्रयोग गरेको लु १च २६६९ नं को सवारी साधन निजी भ्यानमा ०६४/५/११ मा हेरफेर दर्ता भएको वादी दावी रहेको देखिन्छ। निजी गाडि पनि कुनै विशेष अवस्थामा भाडामा लिई प्रयोग गर्ने व्यावहारिक चलन रहेको अवस्थामा गाडि प्राईभेट रहेको भन्ने आधारमा मात्र गाडिको विल भरपाई झुठ्ठा रहेको भन्न मिलेन भनि आधार लिएको सम्वन्धमा हेर्दा Transportation Norms and Guidelines को Vehicle Hiring को बुदा नं.६ मा प्रत्येक कर्मचारीले संभव भएसम्म दर्तावाला गाडी सेवाबाट गाडी भाडामा लिनुपर्ने, सद्दे विल (Genuine Bill invoice) पेश गर्नुपर्ने तथा भरपाई (अनुसूची बमोजिमको) पेश गर्नुपर्ने अनिवार्यता उल्लेख गरेको पाइन्छ। यसैगरी अनुगमन कार्यका लागि गाडि भाडामा लिदा दर्तावाला गाडिसेवा (Registered vehicle operator) बाट लिनुपर्ने अनिवार्यता गरेको देखिन्छ।साथै सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ८(१) मा "निज सवारी यातायात सेवाको लागी प्रयोग गर्न पाइने छैन" भनी स्पष्ट तथा वाध्त्मक कानूनी व्यवस्था रहेको अवस्थामा सोको समेत प्रतिकुल हुने गरी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्राईभेट गाडि पनि कुनै विशेष अवस्थामा भाडामा लिई प्रयोग गर्ने व्यावहारिक चलन रहेको अवस्थामा गाडि प्राईभेट रहेको भन्ने आधारमा मात्र गाडिको विल भरपाई झुठ्ठा रहेको भन्न मिलेन भनि व्याख्या गरी भएको फैसला कानूनी व्याख्याको रोहमा त्रुटी पूर्ण भई वदर भागि छ।<br>**छ) <u>निम्न लिखित प्रतिवादीहरुलाई आरोपदावीवाट सफाई दिई भएको फैसला निम्न लिखित आधार प्रमाणहरुवाट त्रुटिपूर्ण एवं वदर योग्य रहेको छः</u>**<br>**<u>(छ१ )प्रतिवादी मिना नकर्मीका हकमाः</u>**<br>**(अ)** गौरी शंकर गेष्ट हाउस, सिन्धुपाल्चोकबाट गरिवी निवारण कोष काठमाडौका नाममा जारी भएको विल मैले संचालन गरेको गौरी शंकर गेष्ट हाउसको होइन, विलको छाप लोगो अर्कै रहेको छ, सो विल झुठो हो भन्ने समेत व्यहोरा खुलाई संचालक अर्जुन सापकोटाले अनुसन्धानका क्रममा कागज गरिदिएकोमा सोमा उल्लेख भएको व्यहोरा ठिक साँचो होइन खाजा खुवाएको मेरे होटलमा हो।म होटलमा नभएको समयमा होटलमा काम गर्ने कर्मचारीले मेरो होटलको सामान्य बिलमा पर्यटकहरुलाई दिनको लागि बनाएको अंग्रेजीमा भएको छाप लगाई बिल दिई भुक्तानी लिएको रहेछ। सो कुरा मलाई थाहा नभएको हुनाले प्रहरी कार्यालय सिन्धुपाल्चोकमा उक्त व्यहोरा लेखिएको हो। मैले मेरो श्रीमतीसँग पछि सोधपुछ गर्दा हामीले खाजा खुवाएर विल दिएको हो भनेको हुनाले थाहा पाएको हो भन्ने समेत व्यहोरा खुलाई वादी नेपाल सरकारका साक्षी अर्जुन सापकोटाले अदालत समक्ष बकपत्र गरेको देखिन्छ भनी आधार लिई भएको प्रस्तुत फैसलाको सम्वन्धमा “अनुसन्धान अधिकारीसमक्ष कागज गर्ने व्यक्तिहरूले पहिला आफूले भनेको भनाइको विपरीत हुनेगरी गरेको वकपत्रको आधारमा मात्र प्रतिवादीलाई सफाइ दिदै जाने हो भने पीडित तथा अन्य व्यक्तिउपर अनुचित प्रभाव पार्न सक्ने र अपराधीहरूले कहिल्यै पनि सजाय पाउने अवस्था नआई दण्डहीनताको स्थिति सिर्जना भइ अन्ततः समाज नै अराजकतातर्फ जाने” ( ने.का.प.२०६६, नि.न.८१७९, अंक ६)भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिरको प्रतिकुल हुने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।<br><br>**(आ)** होटल मेलम्ची डाइमण्ड एण्ड कटेज, बासवारी ४, सिन्धुपाल्चोकबाट गरिवी निवारण कोष काठमाडौका नाममा जारी भएको मिति २०६६/१२/१८को विल नं. २२५ को विलमा भएको अक्षर तथा दस्तखत म, मेरो घर परिवारका सदस्य वा मेरो कामदार कर्मचारीको समेत होइन । सो विल बमोजिमको रकम भुक्तानी लिएको होइन, उक्त विल मेरो होटलको होइन भन्ने समेत व्यहोरा खुलाई संचालक उपेन्द्र तामाङ्गले कागज गरिदिनु भएकोमा मैले उक्त स्थानमा सञ्चालन गरेको होटलको नाम होटल मेलम्ची डायमण्ड एण्ड कटेज जोन हो उक्त होटल २०७० सालदेखि सञ्चालन गरेको हो। उक्त स्थानमा होटल मैले सञ्चालन गर्नु भन्दा अगाडि होटल रहेको थियो तर उक्त नाम मलाई थाहा छैन भन्ने समेत व्यहोरा खुलाई वादी नेपाल सरकारका साक्षी उपेन्द्र |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | तामाङले अदालत समक्ष बकपत्र गरेको देखिन्छ भनी आधार लिई भएको प्रस्तुत फैसलाको सम्वन्धमा "अनुसन्धान अधिकारीसमक्ष कागज गर्ने व्यक्तिहरूले पहिला आफूले भनेको भनाइको विपरीत हुनेगरी गरेको वकपत्रको आधारमा मात्र प्रतिवादीलाई सफाइ दिदै जाने हो भने पीडित तथा अन्य व्यक्तिउपर अनुचित प्रभाव पार्न सक्ने र अपराधीहरूले कहिल्यै पनि सजाय पाउने अवस्था नआई दण्डहीनताको स्थिति सिर्जना भइ अन्ततः समाज नै अराजकतातर्फ जाने" ( ने.का.प.२०६६, नि.न.८१७९, अंक ६)भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिरको प्रतिकुल हुने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।<br>**(छ२)प्रतिवादी महेश कुमार शाहीको हकमाः**<br>**(अ)** अनुसन्धानको क्रममा सीता जनरल स्टोर्स, सिमिकोटबाट गरिवी निवारण कोष काठमाडौका नाममा जारी भएको विलहरुमा भएका दस्तखत, छाप र लिखत मेरो र मेरा घरको कुनै सदस्यको होइन भन्ने समेत व्यहोरा खुलाई **संचालक सीता बुढाले** गरिदिएको कागज; न्यु असिम स्टेशनरी एण्ड जनरल सप्लायर्स, सिमिकोटबाट गरिवी निवारण कोष काठमाडौका नाममा विलहरुमा लेखिएको विवरण मेरो वा मेरा घरका सदस्यको होइन र दस्तखत कस्को हो भन्ने कुरा थाहा नभएको, भन्ने समेत व्यहोरा खुलाई **संचालक धर्मराज शाहीले** गरिदिएको कागज; विकास फोटोकपी सेन्टर, सिमिकोटबाट गरिवी निवारण कोष काठमाडौका नाममा जारी भएको वील यसै फोटोकपी सेन्टरको भएता पनि सो वीलमा उल्लेख भएको सामानहरु यहाँबाट विक्री भएको छैन भन्ने समेत व्यहोरा खुलाई **संचालक सीता बुढाले** गरिदिएको कागज; दैलेख होटल, सिमिकोटबाट गरिवी निवारण कोष काठमाडौका नाममा जारी भएको विल नं.१३७ कोही कसैलाई दिएको नभइ कोही कसैले आफुखुशी चोरी गरी लगी विलमा झुठा विवरण उल्लेख गरेको हो भन्ने समेत व्यहोरा खुलाई **संचालक अशोक लामिछानेले** गरिदिएको कागज; कमला होटल, सिमिकोटबाट गरिवी निवारण कोष काठमाडौका नाममा जारी भएका विलहरुमा भएको दस्तखत मेरो तथा मेरो एकाघरका कुनै सदस्यको नभई वहाँहरु आफैले लेखी फर्जी विल तयार गरेका हुन् साथै कारोबार फर्जी र झुठ्ठा हो भन्ने समेत व्यहोरा खुलाई **संचालक कमला लामाले** गरिदिएको कागज; रोकाया सपिङ्ग सेन्टर प्रा.लि., सिमिकोटबाट गरिवी निवारण कोष काठमाडौका नाममा जारी भएको विलमा भएको सहि र विवरण मेरो तथा मेरो घरका सदस्य र कर्मचारीको समेत होइन भन्ने समेत व्यहोरा खुलाई **संचालक लाल बहादुर रोकायाले** गरिदिएको कागज; न्यू मानसरोवर होटल, सिमिकोटबाट गरिवी निवारण कोष काठमाडौका नाममा जारी भएको विलहरु मध्ये विल नं ११६ मा भएको कारोबार झुठो हो भन्ने समेत व्यहोरा खुलाई **संचालक चिन रावतले** गरिदिएको कागज; कुमारी जनरल स्टोर्स, सिमिकोटबाट गरिवी निवारण कोष काठमाडौका नाममा जारी भएका वीलहरुमा भएको कारोवार झुठा हो भन्ने समेत व्यहोरा खुलाई **संचालक छक्क बहादुर लामाले** गरिदिएको कागज; हिमालयन पव्लिक टेक्निकल इन्ष्टिच्यूट, सागर होटल, मुस्कान होटल र कार्मीङ्ग होटेल, सिमिकोटमा के कहाँ कसले संचालन गरेका छन् त्यो थाहा छैन । |

| | | | | | |
|---|---|---|---|---|---|
